रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ४, अङ्क ४६, पूर्णाङ्क १९२ | २०७६ जेठ १ गते बुधबार | Wednesday, 15 May 2019 | www.eratokhabar.com | मूल्य रु. १०

## महिला नेत्री चन्दलाई मातृशोक, विप्लवद्वारा श्रद्धाञ्जली



नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय अध्यक्ष बन्धु चन्दलाई मातृशोक परेको छ । चन्दकी आमा मनकुमारी शाहको यही वैशाख २७ गते उपचारका क्रममा बाँकेको नेपालगन्जमा मृत्यु भएको हो । उनी लामो समयदेखि खुट्टा भाँचिएर उपचाररत थिइन् ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले मङ्गलबार पार्टीका तर्फबाट श्रद्धाञ्जली व्यक्त गरेका छन् । रोल्पाको सहिद स्मृति गाउँपालिका घोडागाउँ निवासी शाहको निधनले आफ्नो बाँकी पृष्ठ ७ मा

# प्रतिबन्ध साम्राज्यवादसामु आत्मसमर्पणको परिणाम : विप्लव

■ रातो खबर संवाददाता/काठमाडौं



'यो क्रान्ति प्रचण्डविरुद्धको लडाइँ होइन, अहिलेका मन्त्रीविरुद्धको लडाइँ पनि होइन, केपीविरुद्धको लडाइँ पनि होइन । यो त पुँजीवादी व्यवस्थाविरुद्धको लडाइँ हो ।'

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले आफ्नो पार्टीमाथि केपी सरकारले लगाएको प्रतिबन्ध, सरकारको प्रतिबन्धविरुद्धको प्रतिरोध, वार्ता र पार्टीका आगामी कार्यक्रमका बारेमा आफ्नो पार्टीको धारणा सार्वजनिक गरेका छन् । उनले रातो खबर अनलाइन टेलिभिजनलाई अन्तरवार्ता दिने क्रममा आफ्नो पार्टीमाथि सरकारले प्रतिबन्ध लगाउनुको कारण उल्लेख गर्दै भनेका छन्, 'प्रतिबन्ध दलाल पुँजीवादी शक्तिको साम्राज्यवादीका सामु आत्मसमर्पणको परिणति हो । वर्गहितमा खडा गरिएको राज्यभित्र वर्गसङ्घर्ष चलिरहेको अवस्थामा हुने प्रक्रिया हो । यो प्रतिबन्ध हाम्रो हकमा मात्र लागू भएको होइन । राज्यले लगाउने प्रतिबन्ध र जनताले गर्ने प्रतिरोधसँग जोडिएको प्रक्रिया हो । हिजो राणाविरुद्ध भएको आन्दोलनमा जनतामाथि लगाइएको थियो । २००८ सालमा काङ्ग्रेस सरकारले कम्युनिस्ट पार्टीमाथि लगाएको थियो । २०१७ सालदेखि पञ्चायतले काङ्ग्रेस र कम्युनिस्टमाथि प्रतिबन्ध लगायो । जनयुद्ध सुरु भएदेखि काङ्ग्रेस र एमाले मिलेर हामीमाथि प्रतिबन्ध लगाए । अहिले केपी–पीके सरकारले हामीमाथि प्रतिबन्ध लगाएको छ । त्यसैले यो नयाँ कुरा होइन ।'

प्रतिबन्ध लगाएलगत्तै यो सरकारले नेकपाका नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तकहरूको गिरफ्तारीलाई लिएर विप्लवले भनेका छन्, 'जनताको बीचमा बसेर सङ्गठनको काम गरिराखेका हाम्रो पार्टीका स्थायी समितिका सदस्य सुदर्शनलगायत ७ जना केन्द्रीय नेताहरू, घरमा बसिराखेका कार्यकर्ता, महिला, शिक्षक, मजदुरहरूलाई यो सरकारले गिरफ्तार गरेको छ ।'

वर्तमान राज्यप्रणालीका विरुद्ध आफ्नो पार्टीले गर्नुपरेको विरोधको कारण बताउँदै उनले भनेका छन्, 'चैतन्य मिश्रहरूले जति नै टाउको फोरे पनि, जति नै तर्क गरे पनि पुँजीवादी व्यवस्थाले मानव जातिको कल्याण गर्न सक्दैन भन्ने पुस्टि भैसकेको छ । शान्तिप्रक्रियामा आएपछि काङ्ग्रेस, एमालेहरूले नेताहरूको व्यवस्थापन गर्न खोजे, नेताहरूलाई सुखसुविधामा डुबाएर मोजमस्तीमा रमाउने बनाए । देशलाई पुरानै ठाउँमा छोड्ने काम गरे । हामीले प्रचण्डजीलाई भनेका थियौँ- तपाईंहरूले यही बाटो समाउनुभयो भने हामी जाँदैनौँ है । हामीले काङ्ग्रेस र एमालेलाई भनेका थियौँ- तपाईंहरूले प्रचण्ड र बाबुरामहरूलाई समातेको भरमा शान्तिप्रक्रिया टुङ्गिँदैन । तर उनीहरूले त्यही गरे । प्रचण्ड र बाबुरामको व्यवस्थापन बाँकी पृष्ठ ७ मा

## अखिल (क्रा.) का अध्यक्ष ढकालसहित विद्यार्थी नेताहरु गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाललाई प्रहरीले गिरफ्तार गरेको छ । ११ विद्यार्थी सङ्गठनको आयोजनामा काठमाडौँको अनामनगरस्थित युनियन हाउसमा पत्रकार सम्मेलन भइरहेको बेला नेकपा निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष ढकाललाई प्रहरीले गिरफ्तार गरेको हो । आफ्नो सङ्गठनका अध्यक्षलाई बिनाकारण ... बाँकी पृष्ठ ७ मा

## नेकपाका कार्यकर्ता पक्राउ गर्न गोली प्रहार


नेकपा निकट युवा सङ्गठन नेपालका कार्यकर्तालाई गिरफ्तार गर्न प्रहरीले रुकुममा गोली चलाएको छ । पश्चिम रुकुमका जिल्ला अध्यक्ष डिल्लीराज शर्मालाई पक्राउ गर्न चौरजहारीमा शुक्रबार प्रहरीले २ राउन्ड गोली प्रहार गरेको थियो ।

युवा सङ्गठन राप्ती ब्युरोले आफ्नो सङ्गठनका रुकुम अध्यक्षलाई बिनाकारण गिरफ्तार ... बाँकी पृष्ठ ७ मा

## वक्ताहरू भन्छन्, 'प्रेस तथा राजनीतिक स्वतन्त्रता गम्भीर सङ्कटमा, सरकारले न्यायालयलाई आफूअनुकुल प्रयोग गर्न खोज्यो'







■ रातो खबर संवाददाता/काठमाडौं

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र जनअधिकार दिनदिनै सङ्कटमा पर्दै गएको एक कार्यक्रमका सहभागीले बताएका छन् । काठमाडौँमा आयोजित एक कार्यक्रममा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सत्तामा बस्नेहरूले आस्था र विचारका आधारमा फरक मत राख्नेहरूप्रति पूर्वाग्रह राखेको बताए । कुनै बेला साङ्केतिक रूपमा राजतन्त्रको विरोध गर्दा आफूमाथि राजकाजविरुद्धको मुद्दा लगाइएको स्मरण गर्दै केसीले सत्तामा पुगेर लुट मच्चाउने पात्र फेरिए पनि लुटतन्त्र अन्त्य नभएको धारणा राखे । ... बाँकी पृष्ठ ७ मा

## नेकपाका नेता बमलाई गैरन्यायिक थुनामा राखिएको भन्दै सर्वोच्चमा रिट



**काठमाडौँ** : विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' लाई गैरन्यायिक थुनामा राखिएको भन्दै सर्वोच्चमा रिट परेको छ । मोटिभेट न्युज डटकमका अध्यक्ष पत्रकार शोभराज बरालले सोमबार सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेका हुन् । नेता बमसहित दुईजनालाई गत बुधबार बाँके प्रहरीले गिरफ्तार गरेको थियो ।

उनको रिटमाथिको छलफलका लागि दुवै पक्षलाई मङ्गलबार ... बाँकी पृष्ठ ७ मा

## सरकारी कदमविरुद्ध पत्रकार महासङ्घद्वारा सङ्घर्ष घोषणा




■ रातो खबर संवाददाता/काठमाडौं

संसद्मा दर्ता भएको मिडिया काउन्सिलसम्बन्धी विधेयकका प्रावधान सच्याउन माग गर्दै नेपाल पत्रकार महासङ्घले आन्दोलन घोषणा गरेको छ । सरोकारवाला पक्षसँग छलफल र सहमतिबिना ल्याइएको विधेयकका प्रावधानले स्वतन्त्र प्रेसमाथि अङ्कुश लगाउने र मिडिया काउन्सिललाई सरकार नियन्त्रित अङ्गका रूपमा स्थापित गरेको भन्दै महासङ्घले संसद्अगाडि विरोध प्रदर्शनको सङ्घर्षको कार्यक्रम घोषणा गरेको छ ।

मन्त्रिपरिषद्बाट पारित बाँकी पृष्ठ ७ मा

## नेकपामाथिको प्रतिबन्ध खारेज गर्न पाँच पार्टीको विरोध सभा






■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले लगाएको प्रतिबन्ध खारेज गर्न माग गर्दै सरकारको विरोधमा पाँच पार्टीले शुक्रबार संयुक्त विरोधसभा गरेका छन् । विरोधसभामा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका संयोजक सीपी गजुरेलले सरकारको फासिवादी कदमकै कारण देशमा लडाइँ हुने बताएका छन् । नेता गजुरेलले जनयुद्धलाई धोका दिएर अहिले संसदीय व्यवस्थाका ठेकेदार ... बाँकी पृष्ठ ७ मा

# सामाजिक दलाल पुँजीवादबारे

**देश/परिवेश**

■ विप्लव



**विषय प्रवेश**

सर्वहारा वर्गको भीषण हमलाबाट पराजयको डिलमा पुगेपछि सामन्ती वर्ग र दलाल पुँजीवादी वर्गले आपसमा केही असन्तोष, केही आरोप-प्रत्यारोप र केही हानथाप गर्दै सत्तामा सौदाबाजी गरे । प्रचण्डहरूको आत्मसुरक्षा, आत्मसमर्पण तथा सामन्तवादी तत्त्वहरूसँग पुँजीवादी तत्त्वहरूले सौदाबाजी गरेपछि आफ्नो हात माथि पार्दै दलाल पुँजीपति वर्गले असफल क्रान्तिको अनुदानस्वरूप सत्ता हातपार्न सफल भयो । सत्तासीन बनेपछि दलाल पुँजीवादी वर्गले प्रचण्डहरूलाई त्यतिसम्म मात्र छूट दियो जति दिँदा उसको सत्तामा कुनै हानि हुँदैनथ्यो । प्रचण्डहरूका सामु कि पुरानो सत्तालाई बदल्ने मोर्चा समाल्नुपर्ने कि त आफ्नो रङ पुरानो सत्ताअनुरूप ढाल्नुपर्ने सङ्कट आइलाग्यो । ठीक त्यही बिन्दुमा प्रतिक्रियावादी सत्ताको खम्बा हल्लाउन नसकेपछि प्रचण्डहरूले आफ्नो गुण–रङलाई नै दलाल पुँजीवादी सत्ताअनुरूप बदल्न पुगे । तर वैज्ञानिक समाजवादी सत्ताका लागि चर्को मूल्य असुलेका प्रचण्डहरूलाई आफ्नो अनुहार छोप्न महामारी पर्‍यो । उनीहरूले मालिकहरूसँग अनुनयविनय गरेर जर्मनी हुँदै भार तसम्मका संशोधनवादीहरूले फटालिसकेको थोत्रो 'समाजवाद' को मुकुन्डो जडौरी पाए । खुइलिएको त्यही जडौरी अनुहारमा झुन्ड्याएर प्रचण्डहरूले हल्ला गरिरहेका छन् 'राजनीतिक क्रान्ति सकियो, लड्नुपर्ने विरोधी कोही छैन ।' अब आर्थिक क्रान्ति गर्दै संसद्बाटै शान्तिपूर्ण तरिकाले समाजवाद !'

एकथरी बुर्जुवा एवम् निम्नपुँजीवादी अवसरवादीहरू, क्रान्तिकारी आन्दोलनबाट थाकेर पाखा लागेका दक्षिणपन्थीहरू, एकाधिकार पुँजीपतिको पुँजीमा दलाली गरिरहेका दलाल पुँजीपतिवर्ग, जनयुद्ध र माओवादीको नाम भँजाएर कालो धन थुपारेका भ्रष्ट नवधनाढ्यहरू, कमिसनखोरहरू, पश्चिमाहरूका गैरसरकारी संस्था चलाएर मोटाएका दलालहरू सारा सकिनसकी सही थाप्दै हिँडिरहेका छन् । यी तत्त्वहरूको प्रचार र जीवनव्यवहार देखेर कम्युनिस्ट र श्रमिक जनतामा अनौठो खालको मजाक र घृणाभाव पैदा भएको पाइन्छ । के अब दलाल पुँजीवादी दानव संसदीय व्यवस्थासँगको सहबासबाट संशोधनवादी 'गणिका' हरूले वैज्ञानिक समाजवाद जन्माउने भए त !?

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# प्रेसमाथि निरङ्कुश अङ्कुश

केपी वली नेतृत्वको सरकार बनेदेखि नै नेपालमा राजनीतिक, सामाजिक, आर्थिक, सूचना र सञ्चारमाथिको अङ्कुश बढ्दै गएको छ । यो सरकारले कहिले फेसबुकमा लेखिएका स्ट्याटस, अपलोड गरिएका फोटा, ती सामग्रीमाथि गरिएका कमेन्टहरूलाई लिएर निरन्तर गिरफ्तार गर्ने गरेकै छ । सरकारका क्रियाकलापमाथि चित्त नबुझेपछि सामाजिक सञ्जालहरूमा गरिने यस्ता क्रिया-प्रतिक्रियाको बचावट गर्न नसकेपछि राज्यले सीधै मुलुकी संहिता र साइबर क्राइमको डन्डा लगाउने गरेको छ । यसका लागि उसले गत बर्खे अधिवेशनमा पारित गरिएको मुलुकी संहितालाई मुख्य आधार बनाएको छ । त्यसैलाई आधार बनाएर गत भदौ १ गतेदेखि राज्यले स्वतन्त्र पत्रकारितामाथि पनि अङ्कुश लगाउँदै आएको छ । गत भदौ १ गतेदेखि अहिलेसम्म सरकार, सरकारसँग जोडिएको पार्टीका नेताहरूका विरुद्ध लेखिएका समाचारहरूलाई आधार बनाएर अहिलेसम्म दर्जनौँ पत्रकारहरू गिरफ्तार भैसकेका छन् ।

यति मात्र नभएर सरकार विरोधीपार्टीको गतिविधिका समाचार लेख्ने, छाप्ने पत्रकारहरूलाई यही संहिताको डन्डा लगाएर गिरफ्तार गर्ने, बन्दी बनाउने, जेल चलान गर्ने गरिराखेको छ । यी ५ महिनामा सरकारको यस्तो रवैयाबाट आजित भएका पत्रकारहरूलाई अझै नियन्त्रण गर्ने नियतले सरकारले भर्खरै मात्र 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' संसद्मा दर्ता गरेको छ । उक्त विधेयकमा 'मिडिया काउन्सिलका पदाधिकारी नियुक्ति तथा पदच्युत, जरिबानाको व्यवस्था तथा काउन्सिललाई सरकाले निर्देशन दिने' व्यवस्था गरिएको छ । यसले कस्ता किसिमका दुष्प्रभाव पार्छ भन्ने कुनै सुझबुझबिना नै ल्याइएको यो विधेयकको अहिले सर्वत्र विरोध भैराखेको छ । देशभरिका पत्रकारहरूले यसको विरोध गरिराखेका छन् । पत्रकार हरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले पत्रकार सम्मेलन नै गरेर आइतबारदेखि आन्दोलन गर्ने निर्णय गरेको छ । त्यही क्रममा व्यवस्थापिकाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षलाई ज्ञापनपत्र बुझाइसकेको छ । यति मात्र नभएर नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरीले समेत ट्विट गर्दै उक्त विधेयकको विरोध गरेका छन् । तर यहाँ अमेरिकी राजदूतले पनि विरोध गरेकाले यो विधेयकको विरोध गर्नु ठीक हो भन्नु गलत हुन जान्छ ।

अहिलेको संविधानमा सूचनाको हकको सुनिश्चितता भनिएको छ । तर यो सरकारले मौलिक संहिता लागू गरेदेखि फोटो खिच्ने, समाचार लेख्ने र छाप्नेजस्ता कुरामा अङ्कुश लगाएको थियो । त्यसका विरुद्ध पनि नेपालका पत्रकारहरू आन्दोलित भैराखेका थिए । त्यही क्रममा अहिले 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' ल्याएर फेरि अर्को अङ्कुश लगाउने योजना बनाएको छ । यसले गर्दा अहिलेको सरकार, त्यसका मन्त्री, सरकारसीन पार्टीका नेताहरूले गर्दै आएका भ्रष्टाचार, अनियमिततहरूलाई सञ्चारमाध्यममा ल्याइयो र सम्बन्धित पक्षले उजुरी दिएमा कम्तीमा २५ हजारदेखि १ करोडसम्म जरिबाना वा जेल सजाय वा दुवै हुनसक्ने प्रावधान यसमा रहेको छ ।

अहिले केपी सरकारले कुनै पनि खालको विधेयक सजिलै पारित गर्न सक्छ । यस्ता प्रावधान राखिएको विधेयक पारित भयो भने नेपालका सरकारका गलत रवैयाको भण्डाफोर गर्ने सञ्चारमाध्यमहरू स्वतः जरिबाना वा सजायको भागीदार हुन सक्नेछन् । यसले पत्रकारिता क्षेत्रमा भयङ्कर त्रासदी र आतङ्क उत्पन्न गर्नेछ । साथसाथै यो विधेयक कानुनमा परिणत भयो भने सरकारले प्रतिपक्षी र वर्तमान सत्तालाई स्वीकार नगर्नेहरूलाई ठेगान लगाउने काम गर्नेछ । यति मात्र नभएर यसले साना मिडियाहरूलाई सबैभन्दा बढी मार पार्छ । अहिले नै पनि सरकारले सबै पत्रकारको तलब बैङ्क खातामा राखेको भौचर नदिईकन पत्रिकालाई मान्यता नदिने नियमजस्तै ल्याएको छ । यसले एकातिर पत्रकारको अधिकारको सुनिश्चितता गरेको जस्तो त देखिन्छ तर सामान्य रूपमा चल्दै गरेका पत्रिका र सञ्चारमाध्यमहरूलाई लगाम लगाएर कर्पोरेटहरूबाट सञ्चालित सञ्चारमाध्यमहरूलाई एकलौटी मैदान मार्ने योजना देखिन्छ । ती सञ्चारमाध्यमहरूमा विदेशी कम्पनीका उत्पादनका महँगा विज्ञापन छापिने गरेका छन् । त्यस्ता सञ्चारमाध्यमहरूका समाचारहरूले देशको राजनीतिमा नै प्रभाव पार्ने गरेको छ । यस्ता म्यानुफ्याक्चरिङ कन्सेन्टमा आधारित सञ्चारगृहहरूले जनताका वास्तविक आवाजलाई बुलन्द गर्न सकेका छैनन् । यिनीहरूले जनताको चेतना, चाहना र अपेक्षाको पूरापूर उपेक्षा गर्ने गरेका छन् । ठीक यसैगरी यो विधेयकले पनि 'सानालाई ऐन र ठूलालाई चैन' को नीति अवलम्बन गरेको छ । त्यसैले यो विधेयकका पक्षमा केही स्वनामधारीहरू वकालत गर्दै हिँडेको देख्न पाइन्छ । जसले जे गरिरहेको भए पनि यो विधेयकको विरोध गर्न जरुरी छ । अहिले पत्रकार महासङ्घले जुन आन्दोलन गरिराखेको छ त्यसका पक्षमा उभिन जरुरी छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# एकीकृत जनक्रान्तिको वास्तविकता

व्यापक नेपाली

नेपाल सरकारले गठन गरेको थिङ्क ट्याङ्कका प्रमुख प्रा. चैतन्य मिश्रले २०७५ चैत २३ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा प्रकाशित 'विप्लवका सोच र व्यवहार' शीर्षकको विचार अध्ययन गर्दा देहायका विषय सत्यताको नजिक छन् भन्ने विश्वास छ :

१. नेत्रविक्रम चन्द 'विप्लव' ले नेतृत्व गरेको पार्टीको नाम नेकपा-विप्लव नभई नेपाल कम्युनिस्ट पार्टी हो । यसले तथाकथित वैधानिक राज्यले चलाएको अराजकता, भ्रष्टाचार, लूटतन्त्र, जनघात, राष्ट्रघातजस्ता परिणाम दिइरहेकै दलाल संसदीय शासन प्रणालीको स्थानमा वैज्ञानिक समाजवादी शासन व्यवस्था स्थापना गर्न प्रयत्नशील छ ।

२. यो पार्टी चलायमान हुनुको कारण मालेमावादी वैज्ञानिक दृष्टिकोणका आधारमा नेपालको विशिष्टताअनुसार विकास गरिएको एकीकृत जनक्रान्तिको कार्यदिशाले गर्दा नै हो । यसले जनतालाई मात्र नभई विश्वमा भइरहेको उत्तरसाम्राज्यवादी हैकम र देशभित्रको दलाल सामाजिक पुँजीवादी फासिवादलाई चुनौती दिएको छ । मालेमावाद मन्त्र वा रूढि नभई राजनीतिक-आर्थिक-सामाजिक समस्या समाधान गर्ने गतिशील विज्ञान हो । नवप्रवर्द्धन, उत्पादन, वितरण र न्यायिक समाज निर्माण गर्न विश्वव्यापी रूपमा मालेमावादले योगदान गरेको छ । सरकारले यस पार्टीलाई रूढिवादी बाटोमा नै जाओस् भनेर प्रतिबन्ध तथा अन्य दमनकारी व्यवदार देखाए पनि यसले देखाएको राजनीतिक सुझबुझ र देश र जनताप्रतिको जिम्मेवारीपूर्ण व्यवहार प्रशंसनीय हुनुको मुख्य कारण नै राजनीति र दर्शनको स्पष्टताले नै गर्दा हो । राजनीतिक छामछुमले यस्तो भावकारिता हुने थिएन ।

३. हाल चलिरहेको व्यवस्था पुँजीवादी नभई दलाल पुँजीवादी हो जसले उत्पादनमा प्रोत्साहन होइन, कमिसन र बिचौलिया व्यवहारमा जोड दिएको छ । समावेशी, मानवअधिकार, कानुनको शासन, स्वतन्त्रता किताबी जार्गन मात्र हुन्, जनताले महसुस गर्ने व्यवहार हुँदैहोइनन् । यसको प्रयोग एक प्रतिशत शासक वर्गका लागि राजकीय स्रोत बाँडफाँट गर्ने हतियार मात्र हो । यसले सीमान्तकृत श्रमिक जनसमुदायप्रति कुनै सम्बन्ध राखेको छैन । स्टालिनपछि साम्राज्यवाद र संशोधनवाद हुँदै दक्षिणपन्थी मार्गमा समाजवादी सत्ता हिँडेकाले सत्ता र नागरिकबीच मित्रतापूर्ण सम्बन्ध बन्न नसकेको र जनताको मतबेगर काम गरिएकाले सही नेतृत्वको विकास हुन नसकेको हो । जनता र देशको मतबेगर काम गर्दा के परिणाम हुन्छ भन्ने कुरा दुई तिहाइको भनिएको हालको सरकारको कामकारबाहीले नै प्रमाणित गर्छ ।

४. नेपाली सत्ताको चरित्र शाताब्दीऔँदेखि र विशेषगरी विगत सात दशकदेखि एउटै दोहनकारी प्रकृतिको छ । पार्टीले विश्व समाजवादी सत्तामा जनताको अपनत्व नभएको चुनाव नभएर हो भनेको छैन । बरु समाजवादीको हातबाट संशोधनवाद र दक्षिणपन्थीको हातमा सत्तापलट भएकाले गर्दा हो । नेपाली प्रतिक्रियावादी सत्ताको व्यवहार एउटै भएकाले त्यसका विरुद्धको राजनीतिक आन्दोलन पनि बल प्रयोगमार्फत जनताको सत्ता स्थापना गर्नुपर्ने भएकाले जडताजस्तो लागेको होला तर वास्तवमा यसमा धेरै विकास भएको छ । पार्टीका हालका गतिविधिहरू, सोचाइ र व्यवहारमा कुनै विरोधाभास नभई जनता र देशलाई केन्द्रमा राखी ९९ प्रतिशत श्रमजीवी वर्गको सत्ता स्थापना गर्न पर्याप्त चौडाइ र गहिराइसाथ अगाडि बढिरहेको छ । देशभक्त, प्रगतिशील, वास्तविक प्रजातन्त्रवादी, समाजवादीलगायत श्रमजीवी र मध्यमवर्गसमेत मित्रशक्ति हुनु र परिवर्तनको वाहक बताइनुले विरोधाभासरहित तरिकाले चौडाइ र गहिराइ विस्तार हुँदै गएको प्रमाणित हुन्छ । देश र जनताका हितमा नभएका राजनीतिक खाका, रणनीतिक इतिहास र संरचनाले तोकेका सीमा र बन्धनलाई हामी परिवर्तन गर्न चाहन्छौँ । नेपाल र श्रमजीवी नेपाली जनतालाई बटमलाइन मानेर सबै खराब विषयलाई परिवर्तन गर्न पार्टी लगेको छ । यी दुईको हित साध्य हो भने अन्य राजनीतिक-आर्थिक र सामाजिक पक्ष साधन हुन् । साध्यलाई अर्जुनदृष्टिका साथ लिने पार्टीले अवलम्बन गर्ने मालेमावादी एकीकृत जनक्रान्तिको कार्यदिशा जड नभई वैज्ञानिक छ भन्ने प्रस्ट हुन्छ । विद्वान् मिश्रले एकीकृत जनक्रान्तिका कार्यक्रमलाई हतियारबन्द अर्थोपार्जन र आतङ्कको शृङ्खला भन्नुमा कि त उहाँको सरकारी पदवीले गर्दा हो वा राजनीतिक रूपमा बुझपचाएर हो । बल प्रयोगबिना प्रतिक्रियावादी सत्ता कहिल्यै ढल्दैन भन्ने विषय उहाँलाई जानकारी भए पनि 'हप्ता उठाउने' तहको विश्लेषण गर्नु वर्तमान सत्तासँगको परिणाम हुनुपर्छ । पार्टी वर्तमान संसदीय व्यवस्थामा आउने नभई वैज्ञानिक समाजवादमा नेपाल र नेपाली जनतालाई लैजाने अभियानमा छ । पूर्णतः राजनीतिक कार्यक्रमलाई आतङ्क-अर्थोपार्जन-विस्तारित हिंसा शृङ्खला, हतियारको सङ्कलन र सैनिकीकरणको विस्तारको दृष्टिले व्याख्या गर्नु गलत छ । यो राजनीतिक प्रणाली कायम रहेसम्म विकासको उत्पादन निरन्तर रहने, सुधार सतही र देखासिकी मात्र हुन्छ । जसले देश र जनताका पक्षमा नभई सीमित दलीय नेताहरूको हितमा मात्र काम गर्दछ । संसदीय व्यवस्थामा गहिरिँदै गएको सङ्कटको परिणामस्वरूप नै जनताले महसुस गर्ने स्वरमा परिवर्तन हुनसकेको छैन ।

६. वर्तमान संसदीय व्यवस्थाको राजनीतिक खाकाको सुधार र विस्तारको विशिष्टता भनेकै देश र जनताको हितबाहेक अन्य सबै काम गर्ने र दोहनलाई संस्थागत गर्ने नै हो । श्रमजीवी नेपाली जनताको चेतनाको बलमा दशकौँदेखि असफल प्रमाणित भएको यो व्यवस्थालाई ढाल्ने शक्तिलाई अन्तर्राष्ट्रिय जगत्ले स्वागत गर्नेछ । सार्वभौम राष्ट्र र जनताको निर्णयलाई अवरोध गर्ने दुस्साहस कसैले गर्ने छैनन् । वर्तमान पुँजीवादको सागर कति प्रदूषित, कमजोर र जनताबाट अस्वीकृत भएको छ भन्ने व्यावहारिक कुरा विद्वान् मिश्रलाई अवश्य ज्ञान छ । एउटा देशमा समाजवादी राज्यसत्ता स्थापित गर्न र टिकाउन जनता र जनताको सेनाले मात्र सम्भव छ । नेपालमा स्थापना हुने वैज्ञानिक समाजवादी सत्ताले मित्रराष्ट्र भारत र चीनबाट समर्थन प्राप्त गर्छ किनकि नेपालको वर्तमान संसदीय सत्ताको अस्थिर र मौकापरस्त वैदेशिक सम्बन्धले ती देशको चासो बढाएको हो । संसदीय व्यवस्थाले नेपालमा उत्पन्न गरेको अस्थिरताले ती देशमा असर गरिरहेको र समाजवादी सत्ताले आन्तरिक रूपमा स्थायित्व कायम गर्ने, विकास गर्ने, भ्रष्टाचार उन्मूलन गर्ने र जनता केन्द्रित शासन व्यवस्था सञ्चालन हुने भएकाले छिमेकी तथा अन्तर्राष्ट्रिय समुदय निश्चिन्त हुने परिस्थिति बन्नेछ । नेपालको राजनीति, नेतृत्व र अर्थतन्त्र छिमेकी भारतपरस्त बन्दै जानुमा दसबर्से जनयुद्ध जिम्मेवार नभई दलाल पुँजीवाद, राष्ट्रघाती अर्थ राजनीतिक प्रणाली नवउदारणवादी नीति, सत्ताधारीमा रहेको स्टकहोम सिन्ड्रोमले गर्दा हो । विगतमा स्थापना भएका समाजवादी सत्ताहरू संशोधनवाद र प्रतिक्रियादको घेराबन्दीमा परेर अर्थ, राजनीति र उत्पादन व्यवस्था श्रमनीति जनता केन्द्रित नभएकाले असफल भएकाले नेपालका वैज्ञानिक समाजवादीले यसबाट सचेत ढङ्गले सिकेका छन् । मार्क्सवादी उत्पादन प्रणाली जव्बर छैन बरु यसले श्रम र पुँजीलाई न्याय गर्दछ भने नवप्रवर्तनसहित जैविक वातावरण संरक्षण गर्नुपर्ने मान्यता राख्छ । मुलुकपिच्छे आफ्नै उत्पादनप्रणाली हुनु राष्ट्र, जनता र अर्थतन्त्रको सार्वभौमिकता अनि राष्ट्रिय सुरक्षाको आधार हो जुन मार्क्सले जोड दिनुभएको थियो । पुँजीवादी विश्व व्यवस्था उत्पादन, न्याय, सार्वभौमिकताको सम्मान मात्र नभई व्यापार, बजारीकरण, कमिसन नाफा मात्र बिचौलियाकरणमार्फत सबै साना अर्थतन्त्रलाई कर्पोरेटीकरणमार्फत परनिर्भर बनाई विश्वबजारीकरणका नाममा सधैँभरि दोहन गरिरहने हो । जुन दोहनमा नेपाली अर्थतन्त्रलाई पारिएको छ र यसलाई स्वाधीन अर्थतन्त्र हुन नदिई शताब्दीऔँदेखि लाहुरे अर्थतन्त्र बनाइएको छ ।

७. नेपालमा स्थापना हुने वैज्ञानिक समाजवादी व्यवस्था पुरानो समाजवादी वा नयाँ समाजवादी भन्ने होइन यो त वैज्ञानिक समाजवादी व्यवस्था हो । यसले शोषणरहित ढङ्गले राष्ट्रिय अर्थतन्त्रको निर्माण र स्वदेशी आर्थिक स्वाधीनता र सार्वभौमिकतालाई कायम गरी आत्मनिर्भर बलियो जनअर्थतन्त्र विकास गर्दछ । यही आन्तरिक शक्तिका आधारमा अन्यसँग कारोबारमा भाग लिने, नाफा उत्पादक श्रम शक्तिलाई प्राथमिकतासहित अन्य उत्पादनका साधनलाई यथोचित प्रोत्साहन हुने गरी बाँडफाँट गर्दछ । रोजगारी पारदर्शी र नियमन गरिएका आर्थिक अङ्गहरूबाट प्रदान गरिन्छ । निजी लगानीकर्ता, उद्यमी, राष्ट्रिय पुँजीपति र स्वदेशी व्यवसायीलाई मूल्य सिर्जना ९ख्बगिभ अचभबतष्लग० मार्फत उत्पादन, रोजगारी र आयआर्जन बढाउन न्यायोचित वातावरण र दोहनरहित आर्थिक नीतिमार्फत दीर्घकालीन प्रोत्साहन र सुनिश्चितताको स्थिति बनाइन्छ । समाजवादी अर्थतन्त्रको केन्द्रमा श्रमजीवी जनसमुदायको संलग्नतामा बलियो अर्थतन्त्र र राष्ट्रको हितलाई राखिने भएकाले नाकाबन्दी युद्ध हुने स्थिति नै आउँदैन । माफियाकरण, दलाली, असमानता र व्यक्तिगत लाभका लागि स्रोतको दोहनलाई निषेध गरिन्छ । यी सबैमा राज्यको सशक्त अभिभावकीय भूमिका सधैँ रहनेछ ।

८. अन्त्यमा, वैज्ञानिक समाजवादले वर्तमान विश्व र नेपालमा हुँदै गरेका जनहितविरुद्धका गतिविधिको अन्त्य गर्दछ । हालको विश्वको अन्तरङ्ग सम्बन्ध अर्थतन्त्रको पिँधमा रहेका श्रमजीवी जनता, देशभक्त र पृथ्वीलाई माया गर्ने तरिकाले विकास गरिनेछ । दसबर्से जनयुद्ध र जनआन्दोलनबाट प्राप्त सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीकरण र गणतन्त्रको वास्तविक कार्यान्वयन भएको छैन । अनुत्पादक, दोहनकारी प्रकृतिका कार्यकर्ताको व्यवस्थापन र महत्वाकाङ्क्षा सम्बोधन गर्न जनताको इच्छाविपरीत सङ्घीयता लागू गरिएको छ । समावेशीकरण लक्षित वर्गका लागि हुनुपर्नेमा नश्लीय रूपमा लागू गरिएको छ । संसदीय संविधानले सारमा जनताका पक्षमा काम गर्ने नसक्ने बेहोरा सात दशकदेखि नै प्रमाणित भएको छ । देश र जनतालाई केन्द्रमा राखेर गरिने वार्ता सदैव स्वागतयोग्य हो तर यो दलाल सामाजिक फासिवादी सरकार हिंसा र सैन्य बलको प्रयोगमार्फत राजनीतिक अभियानलाई निषेध गर्ने र दलाल पुँजीवाद नै सबै चीज हो भन्ने भ्रममा रमाएकाले जनताले त्यसको प्रतिरोध गर्नु र वैज्ञानिक समाजवाद स्थापनार्थ एकीकृत जनक्रान्तिमा लाग्नु मिश्रजीजस्ता विद्वान्लाई समेत आह्वान गर्दछौँ ।

# सुकुमबासी बस्ती हटाउन नगरपालिकाको उर्दी

**झापा** : झापाको मेचीनगर ६ साठीबिघा गोसखानमा अवस्थित सुकुमबासी बस्ती हटाउन नगरपालिकाले उर्दी जारी गरेपछि जिल्ला जनपरिषद् नेपाल झापाले बस्ती हटाइए जनकारबाही गर्ने चेतावनी दिएको छ । जिल्ला जनपरिषद् नेपाल झापाका प्रमुख दीपकले वैशाख २९ गते विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएका हुन् । गत पुसमा आगलागीबाट उक्त बस्ती ध्वस्त भएको थियो । त्यतिबेलादेखि नै पीडितहरूले पटकपटक क्षतिपूर्ति माग गरे पनि नपाएको पीडितहरूले बताएका छन् ।

उनको विज्ञप्तिमा भनिएको छ, 'यतिबेला देश गम्भीर सङ्कटको घडिमा परिरहेको हामी सबैलाई थाहा छ । दुई तिहाइको कथित केपी नेतृत्वको सरकार यतिबेला चरम भ्रष्टाचारमा डुबेको र स्वयम् सरकारकै मन्त्री तथा नेताहरूले देशभर जग्गा हडपनेदेखि लिएर चरम भ्रष्टाचार गर्ने, देशभरका सुकुमबासी बस्तीहरूमा हस्तक्षेप गर्दै कतै आगजनी त कतै डोजर लगाउने गरेको कुरा सबै नेपाली जनतालाई अवगत छ । हामी यतिबेला नेपाली जनताको हकअधिकारको सुनिश्चित गर्न र नयाँ वैज्ञानिक समाजवाद ल्याउनको निम्ति जनताका माझमा सङ्घर्षरत रहेको कुरा यहाँहरू सबैलाई थाहा छ । झापा जिल्ला मेचीनगर नगरपालिका ६ साठीबिघास्थित गोसखानामा रहेको सुकुमबासी बस्ती ०७५ पुसमा शङ्कास्पद ढङ्गले आगजनीबाट ध्वस्त भएपछि सम्बन्धित पक्षलाई छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिसहित बसोबासको प्रबर्द्धन गर्नका निमित्त हामीले सम्बन्धित निकायलाई आग्रह गरेको विदितै छ ।'

'उक्त घटना सामान्य आगलागीको घटना मात्रै नभएर सयौँ नागरिकको जीवनसँग सम्बन्धित परिघटना हो । उक्त घटनाको छानबिन गरी पीडितलाई न्याय तथा क्षतिपूर्ति दिनुको सट्टा यतिका महिनासम्म पीडितहरूलाई बेवास्ता गर्दै छलछाम र षड्यन्त्र गरी भूमाफिया, केही भ्रष्ट जनप्रतिनिधि र तिनका कर्मचारीको योजनामुताबिक सुकुमबासीहरूलाई विस्थापित गर्ने र उक्त ठाउँ आफूअनुकूल उपयोग गर्ने नियतका साथ अगाडि बढेको प्रस्ट छ । हामी दलालहरूको उक्त हर्कत र बस्ती खाली गर्न नगरपालिकाले जारी गरेको उर्दीको कडा शब्दमा निन्दा गर्दै खारेजी गर्दछौँ', विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी विज्ञप्तिमा अगाडि भनिएको छ, 'हामी नागरिकको आधारभूत आवश्यकतासमेत नामेट पार्ने गरी यस सुकुमबासी बस्तीलाई विस्थापित नगर्न, घरहरा नहटाउन र हटाउनै परे सर्वपक्षीय छलफलद्वारा पीडितहरूसमेतको सहभागितामा उचित वैकल्पिक व्यवस्थाको ग्यारेन्टी गरी पीडितहरूलाई पूर्ण क्षतिपूर्ति दिएर मात्रै समस्याको समाधान गर्न आग्रह गर्दछौँ । अन्यथा जबर्जस्ती बस्ती हटाउने प्रयत्न गरिएमा भ्रष्ट जनप्रतिनिधि, भूमाफिया, दलाल, टोले गुन्डालगायत विरोधी तत्वहरूलाई छानीछानी जनकारबाही गरिने चेतावनीसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौँ ।'

पृष्ठ १ बाट क्रमशः

# सामाजिक दलाल पुँजीवादबारे

'सौभाग्यवश' केपी–प्रचण्डहरूले भनेको जस्तो समाजवाद मार्क्सले परिकल्पना गरेको समाजवाद हुन्थ्यो र केपी–प्रचण्डले भनेजसरी पुँजीवादीहरूको खोरबाट समाजवाद आउँथ्यो भने निश्चित छ– मार्क्सले जर्मनी, फ्रान्स, बेल्जियमका पुँजीवादी शासकहरू (नेपालका भन्दा कैयौँ प्रगतिशील थिए) बाट भयानक दुस्मनको कोटीमा राख्दै देशनिकालाको सजाय भोग्नुपर्ने थिएन ! उहाँले घोर विपत्तिको जीवन भेल्नुपर्ने थिएन ! जेनी मार्क्सले आफ्ना सन्तान बिल्दा उनीहरूलाई लपेटेर फाल्ने कपडा पनि नपाउने विपत् भोग्नुपर्ने थिएन ! विश्व श्रमिक वर्गको अपार प्रेम र सद्भाव हुँदाहुँदै अभावग्रस्त समय बिताउनुपर्ने थिएन ! विज्ञ पाठकहरू, नक्कली समाजवाद र वैज्ञानिक समाजवादको कहानी यहीँबाट सुरु हुँदैन त ! अवश्य नै ।

केपी–प्रचण्डले भनेजसरी पुँजीवादी संसद्‌बाट समाजवाद भुल्किने भइदिएको भए त लेनिनले भयानक विपत् भेल्दै क्रान्तिको आँधीबेहरीमा कुद्नु पर्ने थिएन ! रुसी–जार र पुँजीवादीहरूको ज्यानी हमला छेल्न रातारात भाइचारा पार्टीका कमरेडहरूको सहाराले विदेशका गल्लीमा पुग्नुपर्ने थिएन । सारा सहर र बौद्धिक साथीहरूको महल छोडेर फलाम पिट्दापिट्दा स्पात भएका मजदुरका भुपडीमा सुत्नुपर्ने थिएन ! कमरेड माओ–चाओहरूले अकथनीय कठिनाइ र अतुलनीय बलिदानले भरिभराउ २७ बर्से दीर्घकालीन जनयुद्ध चलाउनुपर्ने थिएन । दक्षिणका फाँटबाट चियाङ काङ पहाड चढेर, चियाङ काङ पहाडबाट भागेर अग्ला हिमशिखर र ज्यानी दलदलेहरू काट्नुपर्ने थिएन । जङ्गली रुखका पात र बोक्राले नपुगेर लगाउने छालाका बुट पकाएर खानुपर्ने थिएन ! दोस्रो विश्वयुद्धपछि अमेरिकाले मात्र होइन, स्टालिनले समेत च्याङ काई सेककैँग मिल्न आग्रह गर्दाको सुविधा त्यागेर भीषण मोर्चाबन्दी युद्ध छिचोल्नुपर्ने थिएन ! महान् भियतनामी जनताले सात ताल बमको चाङभित्रबाट विद्रोहको ज्वाला दन्काउनुपर्ने थिएन ! चे र फिडेलहरूले तुफानी समुद्री यात्रा गरेर बारुद भर्नुपर्ने थिएन । रोजाले जर्मनीको विद्रोहमा, चेले बोलिभियाको गाउँमा र चारुले कलकत्ताको गल्लीमा जीवन बलिदान गर्नुपर्ने थिएन । न त कमरेड गोन्जालोले मिन्डानाओ टापुमा एकान्तबास बस्नुपर्ने थियो न त भाकपा (माओवादी) ले भारतका आधारक्षेत्रमा बसेर युद्ध चलाउनुपर्ने थियो !

हाम्रै कुरा गर्दा पनि कृष्ण कुइँकेल, नेत्र घिमिरेहरूले सुखानीको जङ्गलमा गोली पिउनुपर्ने थिएन भने महान् जनयुद्धमा नौ हजार होनहार योद्धाहरूले आफ्नो उत्कृष्ट जीवनलाई भुन्ड्याइए, खुकुरी–सङ्गीनले रेटिए, घोचिए, हिउँले पुरिए, गोलीले उडाइए हाँसीहाँसी बलिदान गर्नुपर्ने थिएन ! हजारौँले घाइते र अपाङ्ग हुनुपर्ने थिएन भने लाखौँ नेपाली जनताले बिछोडको अपूरणीय पीडा खप्नुपर्ने थिएन !

मार्क्सवादको क, ख जान्ने कुनचाहिँ मूर्ख–पटमूर्ख होला केपी–प्रचण्डहरूले बनाएको सरकार कम्युनिस्ट समाजवादी सरकार हो र उनीहरूले चलाएको सरकारबाट समाजवाद आउँछ भनेर विश्वास गर्ने ! यसो त पुँजीवाद र दलाल पुँजीवादी वर्ग र उनीहरूका मालिकहरूलाई पनि कुनै विश्वास छैन– यिनीहरूले समाजवादका पक्षमा काम गर्नेछन् र दलाल पुँजीपतिवर्गलाई सत्ताच्यूत गर्दै वैज्ञानिक समाजवादतिरको यात्रा गर्नेछन् भन्ने । यी सारा विषय बुभ्रेपछि नै हाम्रो पार्टीले केपी–प्रचण्डको सरकारलाई 'सामाजिक दलाल पुँजीवादी सरकार' र उनीहरूको प्रवृत्तिलाई 'समाजिक दलाल पुँजीवादी' भन्ने संश्लेषण गरेको छ । यसै विषयमा यो आलेखमा केही विश्लेषण गरिएको छ ।

## १) वैज्ञानिक समाजवाद–साम्यवाद र समाजवादी धाराहरू

हुनत समाजवाद भन्नेबित्तिकै मार्क्स–एङ्गेल्स–लेनिन–माओहरूले परिकल्पना गरेको वैज्ञानिक समाजवाद नै हुन्छ भन्ने केही छैन । शब्दमा समाजवाद, व्यवहारमा सामन्तवाद, निम्नपुँजीवाद, पुँजीवाद, काल्पनिक समाजवाद मार्क्सकै समयदेखि थिए । मार्क्सले अनुसन्धान गर्नुभएको वैज्ञानिक समाजवाद–साम्यवाद वास्तवमा ती सबै अधकचल्टा, अर्थहीन, वर्गहीन (रूपमा), सारहीन, काल्पनिक समाजवादविरुद्ध सङ्घर्षको परिणाम पनि थियो भने हुन्छ । वास्तवमा वैज्ञानिक समाजवाद–साम्यवाद पुँजीवादविरुद्धको अनुसन्धान र विद्रोह मात्र थिएन, विभिन्न रङका गलत समाजवादी धाराविरुद्धको अनुसन्धान पनि थियो भन्नुपर्छ । मार्क्स–एङ्गेल्सको निधनपछि लेनिनले मार्क्स–एङ्गेल्सको नामसमेत मिसिएर देखापरेका सामाजिक साम्राज्यवाद, सामाजिक अन्धराष्ट्रवाद, संशोधनवादी समाजवादविरुद्ध सङ्घर्ष गर्नुपर्‍यो । लेनिनको निधनपछि स्टालिनले भन् खराब समाजवादी धारा, शब्दमा समाजवाद व्यवहारमा साम्राज्यवाद, फासिवादविरुद्ध लड्नुपर्‍यो । माओको समयमा पुग्दा वैज्ञानिक समाजवाद–साम्यवादलाई उल्ट्याउने, वैज्ञानिक समाजवादमा प्रतिक्रान्ति गर्ने र पुँजीवाद पुनर्स्थापना गर्नेसम्मको सामाजिक साम्राज्यवाद, संशोधनवादी समाजवाद देखापर्‍यो र ती समाजवादसँग भीषण सङ्घर्ष गर्नुपर्‍यो । माओको निधनपछि चीनले समेत आफ्नो वैज्ञानिक समाजवादी–साम्यवादी मार्ग परित्याग गरेर 'चिनियाँ विशेषताको समाजवाद' सञ्चालन गरिरहेको छ । हिजोआज विश्वभरि विभिन्नखाले 'समाजवाद' प्रयोगमा चलिरहेका छन् । कम्युनिस्ट नामबाट मात्र पनि नेपालमा 'जनताको बहुदलीय जनवाद' उता उत्तरकोरियाले 'कोरियन विशेषताको समाजवाद', ल्याटिन अमेरिकातिर 'बोलिभियन समाजवाद', युरोपतिर 'युरो समाजवाद' आदि प्रयोग गरिरहेका छन् । यसबाहेक संसद्‌वादी–पुँजीवादी पार्टीहरूले पनि 'सङ्घीय समाजवाद', 'लोकतान्त्रिक समाजवाद', 'नेपाली विशेषताको समाजवाद', 'राष्ट्रिय समाजवाद' प्रयोग गरिरहेका छन् ।

राजनीतिक आन्दोलनमा समाजवाद शब्दको प्रयोग यतिविधि व्यापकतामा किन हुन पुग्यो भन्ने चर्चा मार्क्सकै समयदेखि हुँदै आएको छ । पुँजी बजारमा एउटा खराब तर व्यापक प्रचलनमा रहेको विशेषता छ । जब कुनै मालले बजारमा उपभोक्ताहरूको रुचि व्यापक रूपमा आकर्षित गर्छ र बजारमा लोकप्रियता बटुल्छ तब तत् मालको लोकप्रियताबाट मुनाफा सोहोर्ने रातारात सयौँथरी नक्कली बजारियाहरू भुम्मिन पुग्छन् र रातारात नै लोकप्रिय मालको लोगो कवाडी मालमा पनि प्रयोग हुन थाल्छ । पैसावालदेखि मालप्रति रुचि राख्ने तर थोरै पैसा बोकेका ग्राहकको मन शान्त पार्न ती नक्कली मालहरू ढोकाढोकासम्म पुग्छन् । माल जस्तोसुकै होस्, लोकप्रिय मालको चिह्न भुन्ड्याएर समाजमा प्रतिष्ठा उचो देखाउन उपभोगवादी ग्राहकहरू सन्तुष्ट देखिन्छन् । यसलाई जनलोकप्रियताबाट जनतालाई नै लुट्ने सिद्धान्त भन्न सकिन्छ । ठीक यस्तै प्रवृत्ति इतिहासदेखि राजनीतिक आन्दोलनमा पनि प्रचलित हुँदै आएको खासगरी ' प्रजातन्त्र' र 'समाजवाद' मा यो ज्यादै चर्को रूपमा प्रयोग हुँदै आएको छ ।

मार्क्स–एङ्गेल्सले जतिबेला वैज्ञानिक समाजवाद–साम्यवादको अनुसन्धान र संश्लेषण गर्दै हुनुहुन्थ्यो त्यही सेरोफेरो (केही अगाडिदेखि केही पछाडि) मै पाँचखालका समाजवादी मतहरू अस्तित्वमा देखापरेका थिए । ती समाजवादी मतहरूलाई उहाँहरूले कम्युनिस्ट घोषणापत्रमा 'सामन्ती समाजवाद, निम्नपुँजीवादी समाजवाद, जर्मन समाजवाद, पुँजीवादी समाजवाद, काल्पनिक समाजवाद' का नाममा संश्लेसित गर्नुभयो । उहाँहरूले ती समाजवाद कुन अर्थराजनीतिक आधारमा देखापरे भन्ने साराललाई पनि खुलस्त गर्नुभयो ।

मार्क्स–एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रको भाग ३ को 'समाजवादी र कम्युनिस्ट साहित्य' को 'क' उपशीर्षकमा सामन्ती समाजवादको चर्चा गर्नुभएको छ । उहाँहरूले सामन्तवाद पुँजीवादसँगको अन्तिम सङ्घर्षमा परास्त भएपछि कसरी सामन्ती वर्ग नै समाजवादको ब्यानर बोकेर सडकमा निस्कियो भन्ने विश्लेषण गर्दै लेख्नुभयो, 'सन् १८३० को जुलाईको फ्रान्सेली क्रान्तिमा र इङ्ल्यान्डको सुधार आन्दोलनमा यी अभिजात (सामन्त) हरू नवोदित पुँजीपति वर्गद्वारा फेरि पराजित हुनुपर्‍यो जसलाई घृणा गरिन्थ्यो । त्यसपछि सामन्त वर्गद्वारा पुँजीपतिवर्गका विरुद्ध गम्भीर राजनीतिक सङ्घर्षबारे त कुरा हुन पनि असम्भव थियो । अब केवल साहित्यिक सङ्घर्षको सम्भावना मात्र बाँकी रहन गयो तर साहित्यिक क्षेत्रमा पनि पुनरुत्थान कालको पुरानो नारा प्रयोग गर्नु असम्भव भइसकेको थियो । सहानुभूति पाउनका लागि कुलीन वर्गले यस्तो बहाना गर्नुपरेको थियो– मानौँ उसले अब आफ्ना हितहरूका लागि चिन्ता गर्दैन र केवल शोषित मजदुरवर्गका हितहरूका लागि मात्र पुँजीपतिवर्गका विरुद्ध आफ्नो अभियोगपत्र तयार पारेको छ । यसप्रकार कुलीनवर्गले आफ्नो नयाँ मालिकको विरोधमा व्यङ्ग्य र काव्य रचेर तथा उसको कानमा थरीथरीका भयानक भविष्यवाणीहरू सुनाएर आत्मसन्तोष गर्नुपरेको थियो । सामन्ती समाजवादको उत्पत्ति यसप्रकारले भयो । केही विलापको गीत त केही हास्य–व्यङ्ग्य, केही अतीतको संस्मरण त केही भविष्यको सङ्कटप्रति सङ्केत– यही त्यसको तत्व थियो ।'

(मार्क्स–एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, भाग ३, समाजवादी र कम्युनिस्ट साहित्य, प्रतिक्रियावादी समाजवाद (क) सामन्ती समाजवाद, पृष्ठ १०५) ।

त्यसैगरी उहाँहरूले '(ख)' उपशीर्षकमा निम्नपुँजीवादी समाजवादको विश्लेषण गर्दै भन्नुभयो, 'ती देशहरूमा जहाँ आधुनिक सभ्यताको पूरा विकास भएको छ, एक नयाँ निम्नपुँजीपतिवर्ग उत्पन्न भएको छ । जुन सर्वहारावर्गको र पुँजीपतिवर्गको बीच भुलिरहेको छ र पुँजीजीवी समाजको एक अनुपूरक अङ्गका रूपमा निरन्तर पुनर्निर्मित भइरहेको छ । प्रतिस्पर्धाले गर्दा यस वर्गका केही सदस्य निरन्तर रूपले सर्वहारावर्गको पङ्क्तिमा धकेलिन्छन् । फेरि उनीहरूले के पनि देख्न थालिसकेका छन् भने आधुनिक उद्योगको विकासका साथसाथै त्यो क्षण पनि नजिक आउँदैछ जुन बेला उनीहरू आधुनिक समाजको स्वतन्त्र अङ्गका रूपमा बिल्कुलै बिलाउनेछन् र व्यापार, उद्योग तथा कृषिका क्षेत्रमा निरीक्षक तथा वेतनभोगी कर्मचारीहरूद्वारा विस्थापित गरिनेछन् ।

फ्रान्सजस्तो देश जहाँ आधाभन्दा बढी जनसङ्ख्या किसानहरूको छ यस्ता लेखकहरू देखापर्नु स्वाभाविकै थियो जो पुँजीजीवीवर्गका विरुद्ध सर्वहारावर्गको साथ दिएर पुँजीवादी व्यवस्थाको आफ्नो आलोचनामा सानातिना किसान र निम्नपुँजीपति वर्गको मापदण्ड प्रयोग गर्दथे । निम्नपुँजीवादी समाजवादको विकास यसरी भयो ।'

मार्क्स–एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, भाग ३, समाजवादी र कम्युनिस्ट साहित्य, प्रतिक्रियावादी समाजवाद (ख) निम्नपुँजीवादी समाजवाद, पृष्ठ १०८ ।

मार्क्स–एङ्गेल्सले त्यसैको (ग) उपशीर्षकमा जर्मनीमा फैलिएको 'जर्मनी अथवा 'सत्य' समाजवादबारे' चर्चा गर्दै लेख्नुभयो, 'फ्रान्सको समाजवादी र साम्यवादी साहित्य जुन सत्ताधारी पुँजीपतिवर्गको दबाबमा उत्पन्न भएको थियो र जुन उसको विरोध नहुने सङ्घर्षको साहित्यिक अभिव्यक्ति थियो, जर्मनीमा यस्तो समयमा ल्याइएको थियो जुनबेला यस देशमा सामन्ती निरङ्कुशतावादको विरोधमा पुँजीपति वर्गले भर्खरै मात्र आफ्नो सङ्घर्ष सुरु गरेको थियो । ....विदितै छ, भिक्षु गणहरू प्राचीन मूर्तिपूजकहरूका शास्त्रीय ग्रन्थहरू लेखिएका पाण्डुलिपिहरूको पाठमाथि क्याथोलिक सन्तहरूका उटपट्याङ जीवनचरित्रहरू लेख्ने गर्दथे । जर्मनी साहित्यकारहरूले दोषपूर्ण फ्रान्सेली साहित्यको सम्बन्धमा यसको ठीक उल्टो काम गरे । फ्रान्सेली मूल ग्रन्थहरूमा उनीहरूले आफ्नो दार्शनिक बकबास लेखे । उदाहरणस्वरूप, उनीहरूले मुद्रा सम्बन्धबारे फ्रान्सेली आलोचनाको मुन्तिर 'मानवीय सारको विच्छेद' र पुँजीवादी राज्यको फ्रान्सेली आलोचनाको मुन्तिर 'सामान्य प्रवर्गको सत्ताच्यूत' इत्यादी लेखे ।

फ्रान्सेली सिद्धान्तहरूको मुन्तिर आफ्ना दार्शनिक उक्तिहरू घुसाएर उनीहरूले 'कर्म–दर्शन', 'सत्य समाजवाद', 'समाजवादको जर्मनी विज्ञान', 'समाजवादको दार्शनिक आधार' आदि नाम दिए ।'

मार्क्स–एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, भाग ३, समाजवादी र कम्युनिस्ट साहित्य, प्रतिक्रियावादी समाजवाद (ग) जर्मनी अथवा 'सत्य समाजवाद', पृष्ठ ११० ।

उहाँहरूले अगाडि बढेर (२) उपशीर्षकमा पुँजीवादी समाजवादबारे उल्लेख गर्दै लेख्नुभयो, 'पुँजीपतिवर्गको एक हिस्साले पुँजीवादी समाजको अस्तित्व सुदृढ पार्नका लागि सामाजिक कुरीतिहरूलाई खतम गर्न चाहन्छ ।

अर्थशास्त्री, परोपकारी, मानवतावादी, श्रमजीवीवर्गहरूको सुखसमृद्धिका समर्थक, दानदातव्यका प्रबन्धकर्ता, पशुरक्षा समितिहरूका सदस्य, मदिरा निषेध संस्थाहरूका संस्थापक, विभिन्न प्रकारका सानातिना सुधारकहरू सबै यस श्रेणीमा पर्न आउँछन् । यो पुँजीवादी समाजवादले पूरै प्रणालीहरूसम्म पनि विकास गरेको थियो ।..कुनै राजनीतिक सुधारद्वारा होइन, बरु जीवनका भौतिक अवस्थाहरू र आर्थिक सम्बन्धहरूमा परिवर्तनद्वारा मात्र केही लाभ हुन सक्दछ भन्ने प्रमाणित गर्न खोज्दै यस समाजवादको अर्को कम व्यवस्थित तर बढी व्यावहारिक रूपले हरप्रकारको क्रान्तिकारी आन्दोलनप्रति मजदुरवर्गको नकारात्मक दृष्टिकोण पैदा गर्ने प्रयास गरेको छ । किन्तु यस समाजवादले जीवनका भौतिक अवस्थाहरूमा परिवर्तन भनेको पुँजीवादी उत्पादन सम्बन्धहरूको उन्मूलन हो भन्ने अर्थ कदापि लगाउँदैन । यो क्रान्तिकारी मार्गबाट मात्र सम्भव हुन्छ तर उसको तात्पर्य चाही उत्पादन–सम्बन्धहरूको आधारमा कार्यान्वित गरिने प्रशासनिक सुधारसँग छ अर्थात् यसले पुँजी र ज्यालादारी श्रमका बीचको सम्बन्धमा केही पनि हेरफेर ल्याउँदैन । यसबाट हुनसक्ने सबभन्दा बढी कुरा यत्तिकै मात्र हो, यसले पुँजीपतिवर्गका निम्ति उसको प्रभुत्वको प्रशासन खर्च कम गर्दछ र उसको शासनव्यवस्थालाई सरल पार्दछ ।

मार्क्स–एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, भाग ३, समाजवादी र कम्युनिस्ट साहित्य, प्रतिक्रियावादी समाजवाद (२) रूढिवादी अथवा पुँजीवादी समाजवाद, पृष्ठ ११४ ।

मार्क्स–एङ्गेल्सले सोही भागको उपशीर्षक (३) मा काल्पनिक समाजवादीहरूले प्रयोग गरेको समाजवादबारे पनि प्रस्ट चर्चा गर्नुभयो र लेख्नुभयो 'सन्तसाइमन्ड, फुरिए, ओवेन आदि अर्थशास्त्रीद्वारा प्रतिपादित पद्धतिहरू जसलाई वास्तवमा नै समाजवादी र साम्यवादी पद्धति भन्न सकिन्छ, सर्वहारावर्ग र पुँजीपतिवर्गका बीच सङ्घर्षको प्रारम्भिक अविकसित समयावधिमा देखापरेका थिए । यसको चर्चा हामीले माथि गरिसकेका छौँ ।

निःसन्देह, यी पद्धतिका प्रवर्तकहरूले तत्कालीन समाजभित्र वर्गहरूको प्रतिपक्षताका साथसाथै विघटनशील तत्त्वहरूको प्रक्रिया पनि देखेका थिए । किन्तु उनीहरूले सर्वहारावर्गका पक्षमा कुनै ऐतिहासिक आत्मनिर्भरता र उसका निम्ति स्वाभाविक कुनै स्वतन्त्र राजनीतिक आन्दोलन देखेका थिएनन् । ...यसै उसले उनीहरू जुनसुकै राजनीतिक र मुख्यतः जुनसुकै क्रान्तिकारी क्रियाकलापलाई अस्वीकार गर्दछन् । उनीहरू शान्तिपूर्ण तरिकाले आफ्नो उद्देश्य प्राप्त गर्न चाहन्छन् । अनि सानातिना तथा अवश्यमेव असफल प्रयोगहरूको माध्यमद्वारा दृष्टान्तको जोडले उनीहरू आफ्नो नवीन सामाजिक दिव्यसन्देशका निम्ति बाटो प्रसस्त पार्ने कोसिस गर्दछन् ।

..यसैकारणबाट वर्गसङ्घर्षलाई निरन्तर चेतनाशून्य पार्न र परस्परविरोधी वर्गहरूमा मेलमिलाप ल्याउन प्रयत्नशील छन् । उनीहरू अभै पनि आफ्ना सामाजिक स्वप्नलोकहरूलाई प्रयोगात्मक रूपमा चरितार्थ गर्ने, केही कल्पनानगरीहरूको स्थापना गर्ने, आवासीय बस्तीहरू खडा गर्ने नयाँ जेरुसेलमको सानो संस्करण अर्थात् सानो इकारिया कायम गर्ने सपना देख्छन् ।'

मार्क्स–एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र, भाग ३, (३) आलोचनात्मक–काल्पनिक समाजवाद र साम्यवाद, पृष्ठ ११६ ।

मार्क्स–एङ्गेल्सले आफ्नो समयका यी समाजवादी धारामा वास्तविक वैज्ञानिक दृष्टिकोण, सिद्धान्त, नीति र कार्यक्रमहरू भेट्नु भएन जसको अभावमा समाजवाद समाजवादका रूपमा अगाडि आउन सम्भव हुँदैनथ्यो । यी कि जनता भुक्याउने मन्त्र हुन्थे कि त काल्पनिक उडान मात्र । त्यसैले यी समाजवादभित्रका त्रुटिहरू सच्याउँदै वैज्ञानिक समाजवाद–साम्यवादको दृष्टिकोण, सिद्धान्त र कार्यक्रमहरू प्रस्तुत गर्नुभयो ।

मार्क्स–एङ्गेल्सको सङ्घर्षपछि तत्‌बेलाका समाजवादी मतहरूको त्यति प्रभाव रहन पाएन तर उहाँहरूको निधनपछि वैज्ञानिक समाजवाद–साम्यवाद सर्वहारावर्गको बीचमा कति लोकप्रिय भयो भने उहाँहरूकै नाम टाँसेर अरू खतरनाक समाजवादी प्रवृत्तिहरू पैदा हुन पुगे । उदाहरणका लागि मार्क्स–एङ्गेल्सको उल्लेख गर्दै बर्नस्टिनले सन् १९९६ देखि 'संसद्‌बाट समाजवाद' सन् १९०५ पछि कार्ल काउत्स्कीले 'राजनीतिक आन्दोलनबाट आमसुधारको सिद्धान्त' प्रस्तुत गरे । यसलाई लेनिनले बर्नस्टिनको 'संशोधनवाद', कार्ल काउत्स्कीको विचारलाई 'अन्धराष्ट्रवादी समाजवाद', 'सामाजिक अन्धराष्ट्रवाद' र रुसी मेन्सेभिकहरूको विचारलाई 'सामाजिक जनवाद' मा संश्लेषण गरेर भण्डाफोर गर्नुभयो । साथै लेनिनसँगै विश्वका अन्य मार्क्सवादीहरूले पनि यी विचलनविरुद्ध जोडदार सङ्घर्ष सञ्चालन गरे । लेनिनको नेतृत्वमा सन् १९१७ मा अक्टोबर क्रान्ति सम्पन्न गरेपछि सच्चा वैज्ञानिक समाजवादी धारा व्यवहारतः पनि स्थापित बन्न पुग्यो ।

लेनिनले विचलनकारी समाजवादी धारहरू मार्क्स–एङ्गेल्सकै नाममा किन देखापर्नुपर्‍यो भन्ने चर्चा गर्दै लेख्नुभयो, 'इतिहासको द्वन्द्वात्मक विकास यस्तो छ कि मार्क्सवादको सैद्धान्तिक विजय उसका शत्रुहरूलाई मार्क्सवादी नकाब लगाउनका लागि बाध्य गरिदिन्छ । भित्रबाट कुहेको उदारतावाद समाजवादका रूपमा आफूलाई पुनर्जीवित गर्ने प्रयास गर्दछ ।'

लेनिन, हिन्दी खण्ड ४, कार्ल मार्क्सको शिक्षाको ऐतिहासिक नियति, पृष्ठ १८६ ।

लेनिनको यो विश्लेषण यति वस्तुवादी देखिन्छ कि आजसम्म आउँदा पनि व्यवहारमा सही साबित भइरहेको छ । कैयौँ अवसरवादीहरूले समाजवादको लोकप्रियतामा आफूलाई भुन्ड्याउन त पुग्छन्, लालायित भएको पनि देखाउँछन् तर त्यसको भीषणतामा टिकाउन सक्दैनन् । परिणामतः लोकप्रियताकै टोपी लगाएर अवसरवादी बाटो पकड्न पुग्छन् । तर मालेमावाद यस्तो खरो छ कि कुनै पनि अवसरवादलाई छिपेर सधैँभरि सर्वहारा श्रमिक जनतालाई भ्रमित पार्न दिँदैन ।

लेनिनको निधनपछि समाजवादी शब्दको प्रयोग कम्युनिस्ट आन्दोलनमा मात्र होइन, त्यसभन्दा बाहिर पुँजीवादी तानाशाहहरूले पनि व्यापक रूपमा गर्न खोजे । कतिसम्म भने हिटलरको नाजीवाद र मुसोलिनीको फासिवादले पनि समाजवादकै टोपी लगाएर मानवजातिमाथि अकल्पनीय नरसंहार गर्न आइपुगे । स्टालिनको समयमा प्रायः पुँजीवादी प्रजातन्त्रवादीहरूले पनि श्रमिक जनताको मन जित्न वा सन्तुलित पार्न विश्वभरि कुनै न कुनै रूपमा समाजवाद भुन्ड्याउनुपर्ने बाध्यता देखापर्‍यो । स्टालिनले ती सारा गलत समाजवादी धाराविरुद्ध निर्मम सङ्घर्ष छेड्नुभयो । दोस्रो विश्वयुद्धमा युरोपभरि वास्तवमा विकृत समाजवादी धाराविरुद्ध वैज्ञानिक समाजवादी धाराको विजय भयो । कमरेड स्टालिनको निधनपछि कम्युनिस्ट आन्दोलनमा पुनः एकदमै नयाँ रूपमा बर्नस्टिनवादी समाजवाद देखापर्‍यो । युगोस्लाभियाको टिटो, रुसको ख्रुस्चोभ र अमेरिकाको ब्राउडरले यस्तो समाजवादी धाराको वकालत गरे । उनीहरूले विश्वमा समाजवाद अपराजित शक्ति बनिसकेकाले अब सशस्त्र सङ्घर्षको आवश्यकता नरहेको, संसद्‌बाटै शान्तिपूर्ण तरिकाले वैज्ञानिक समाजवादमा पुग्न सकिनेजस्तो प्रतिक्रान्तिकारी विचार प्रस्तुत गरे । सुरुमा टिटोले त्यसको पहल गरे पनि खासमा रुसमा ख्रुस्चोभ सत्तामा पुगेपछि यो धारको नेतृत्व गर्न पुग्यो । उसले पुँजीवादबाट समाजवादमा प्रवेश गर्ने र सञ्चालन गर्ने भन्दै 'तीन स' को घोर संशोधनवादी, संसद्‌वादी, प्रतिक्रान्तिकारी विचार अगाडि सार्‍यो । कमरेड माओको नेतृत्वमा यी विचलनकारी समाजवादका विरुद्ध सङ्घर्ष छेडियो । माओले 'टिटो समाजवाद' र ख्रुस्चोभी समाजवादलाई 'सामाजिक साम्राज्यवाद' भनेर संश्लेषण गर्नुभयो । उहाँले विश्वभरिका क्रान्तिकारीहरूलाई एकताबद्ध गरेर यी 'समाजवादी धार' विरुद्ध सङ्घर्ष गर्नुभयो । सिङ्गै समाजवादी देशहरूलाई समाप्त पार्न खोजेको यो विचारविरुद्ध उहाँले एक हदसम्म सफलता पनि प्राप्त गर्नुभयो । दुःखको कुरा माओको मृत्युपछि चीनले पनि मालेमावादी वैज्ञानिक समाजवादी मार्ग त्यागेर देङवादी बाटो 'चिनियाँ चरित्रको समाजवाद' अपनाउन पुगेको छ । विश्वमा वैज्ञानिक समाजवादले धक्का खान पुगेको छ ।

यतिबेला नेपालमा वैज्ञानिक समाजवादबाहेक अन्य समाजवादको प्रयोग व्यापक रूपमा भइरहेका छन् । उदाहरणका लागि 'प्रजातान्त्रिक समाजवाद' 'समृद्ध समाजवाद' 'सङ्घीय समाजवाद' ' उदारवादी समाजवाद' हरूलाई लिन सकिन्छ । केपी–प्रचण्डहरूले प्रयोग गरिरहेको 'लोकतान्त्रिक समाजवाद' (विभिन्न सन्दर्भमा उच्चारण गरेअनुसार) पनि यसैवरिपरि भुन्डिएको समाजवाद हो ।

नेपालमा पुँजीवादी प्रजातन्त्रको प्रतिनिधि पार्टी भनेर चिनिने र चिनाउन चाहने नेपाली काङ्ग्रेसका नेता बीपीले आफ्नो सिद्धान्तलाई 'प्रजातान्त्रिक समाजवाद' भनेर घोषणा गरे । बीपी पुँजीवादी समाजका सामाजिक कुरीतिहरूलाई खतम गर्न, सुधार गर्न त चाहन्छन् तर पुँजीवादी व्यवस्थालाई नै सुदृढ गरेर ! राजनीतिक व्यवस्थामा पुँजीवादी संसदीय व्यवस्थामा मान्नु र आर्थिकमा केही जनपक्षीय सुधार गर्न चाहनुमा उनको प्रजातान्त्रिक समाजवादको विशेषता हो । उनले बाँच्दासम्म राजनीतिमा प्रजातन्त्रको वकालत गरे भने जनताका लागि 'बस्ने घर, दुहुनो गाई, एक हल गोरु र खेतबारी' जस्ता समाज सुधारका कुरा गरे । तर उनको निधनपछि काङ्ग्रेस निद्राबाट अजाकिएको हाउभाउमा ' प्रजातान्त्रिक समाजवाद' को कुरा गर्छ । त्यो पनि केही अध्ययनशील नेताहरूले मात्र ! बीपीले भन्ने गरेको समाजवाद मार्क्सले कम्युनिस्ट घोषणापत्रमा उल्लेख गरेको 'पुँजीवादी समाजवाद' सँग मिल्दो छ । जे भए पनि काङ्ग्रेसको 'समाजवाद' पुँजीवादी संसदीय व्यवस्थालाई सुदृढ गर्नका लागि अगाडि सारिएको समाजवाद हो । यस अर्थमा 'प्रजातान्त्रिक समाजवाद' सँग आजका उत्पीडित श्रमिक वर्ग, जाति, समुदायको नयाँ भविष्य छैन । प्रजातान्त्रिक समाजवाद श्रमिक वर्गलाई पुँजीवादी भट्टीमा शीतल हावा दिएर सेक्ने समाजवाद मात्र हो ।

पुँजीवादी संसदीय व्यवस्थाभित्रैको एउटा सुधारवादी हाँगोले 'सङ्घीय समाजवाद' प्रयोग गरिरहेको छ । खासगरी कम्युनिस्ट आन्दोलनबाट पछि फर्किएका, वैज्ञानिक समाजवादी सत्ताको पतनको धक्कालाई धान्न नसकेर आफूलाई पुँजीवादीकरण गरेका, संसदीय व्यवस्थाभित्रैबाट जनताका पक्षमा केही आर्थिक र

बाँकी पृष्ठ ५ मा

हिरासत डायरी

# जहाँ देशद्रोहीहरू 'राष्ट्रवादी' र देशभक्तहरू 'देशद्रोही' भनाइन्छन्


रसुवाली कवि

काठमाडौँ उसै पनि तुवाँलोले ढाकिरहने ठाउँ हो । मध्यवसन्त वैशाख दुई गते । मनमा कुनै उत्साह छैन । विशेषगरी नेपाली राजनीतिमा लागेको तुवाँलोले उसैउसै छोपिरहेछ उत्साह र जोसहरूलाई ।

स्वास्थ्य राम्रो नभएकाले कोठामै आराम गरिरहेको थिएँ । अचानक पुराना साथी नारायण ढकालले फोन गरे । हिले टोलको एउटा होटेलमा चिया खान बोलाए । उनको अनुरोधलाई टार्न सकिएन । उनले फोन गरेको केही समयमा त्यहाँ पुगेँ । त्यहाँ पश्चिमका अटल भनिने साथी र गोपाल किराँतीको पार्टीमा काम गर्ने एकजना अर्का साथी पनि थिए । होटेलमा पस्यौँ । चिया अर्डर भयो ।

होटेलमा गुप्तचरजस्तै लाग्ने केही मान्छेहरू आए । कोही चुरोट खाएर निस्कन थाले । कोही चिया खान थाले । मनमा चिसो पस्यो । पक्कै केही गरिँदैछ भन्ने लाग्न थाल्यो ।

अटलजीले चिया अर्डर गरे । चिया आइपुग्न धेरै समय लाग्यो । हामी राजनीतिक, साहित्यिक र व्यक्तिगत गफ गर्न लाग्यौँ । एकजना मानिस हाम्रो नजिक आएर चुरोट खाने बहानामा हाम्रो कुरा सुन्न थाल्यो । जहाँसम्म लाग्छ त्यो सशस्त्रको गुप्तचर थियो । सायद उसले नै रेकी गरेको थियो । उसले नै मेरो गिरफ्तारी सफल बनाएको थियो ।

चिया खाएँ । दुई घुड्की चिया के पिएको थिएँ, युवा सङ्घ र वाईसीएलका जस्ता लाग्ने ठूलो जमातले मलाई घेरिहाल्यो । हातमा हत्कडी लगाइयो । मलाई हतियार देखाउँदै अनेक प्रश्न सोधियो । 'तपाईं नै होइन विप्लवको ताम्सालिङ प्रवक्ता ? साँचो भन्नुस् । सजाय कम हुन्छ...' यस्ता प्रश्न गरेर मलाई तर्साउन र थर्काउन खोजियो । जसरी हुन्छ मलाई फसाउने नियत पनि देखिन्थ्यो ।

मैले भनेँ- म कुनै हालतमा ताम्सालिङको प्रवक्ता होइन । म एउटा प्रगतिशील लेखक हुँ । मलाई सत्य लागेका कुराहरू लेख्छु, बोल्छु । म हतियारधारी होइन । म कलम बोकेर परिवर्तन चाहने, त्यसका लागि डटेर हिँड्ने यो देशका लाखौँ युवामध्ये एक हुँ ।

भीडबाट कसैले सोध्यो- तपाईं रसुवा जिल्ला समिति सदस्य पनि हो रे ! मैले भनेँ- प्रहरीमा एउटै व्यक्ति हवल्दार र असई हुन्छ कि हुन्न ? एकै व्यक्ति ताम्सालिङ प्रवक्ता र जिल्ला सदस्य हुने कुरा हास्यास्पद हुन्... । उनीहरू केही बोलेनन् ।

मलाई पक्राउ गर्न आएको टोली सशस्त्रको युद्धसम्बन्धी कार्य हेर्ने टोली रहेछ । सादा पोसाकधारी आम जनजिब्रोको भाषामा गुप्तचर ।

अन्ततः म पक्राउ परेँ । सशस्त्र प्रहरीको बालाजु औद्योगिक गुल्मको गाडी आयो । मलाई बालाजु पुऱ्याइयो ।

### पक्राउको नयाँ तरिका

सशस्त्र प्रहरीले नै किन पक्राउ गऱ्यो ? मनमा विभिन्न तर्क उठे । कहीँ बेपत्ता त पार्ने होइन ? यातना दिएर हत्या नै गरिने पो हो कि ? कतै कृष्णलाल होइने हो कि ? वा कतै कृष्ण सेन 'इच्छुक' पो होइने हो ? सङ्कटको बेला मृत्यु आँखैअघि नाच्दो रहेछ । आखिर मेरो कसुर नै के थियो ? जो तल दबिएका छन् । उनका लागि कविता लेखेको हो । सामाजिक सञ्जालमा बोलेको हो । राजनीति निषेध होइन, निकास चाहिन्छ भनेको हो । यसका लागि मर्नुपर्छ भने मरुँला । यो एउटा जीवन अभिव्यक्ति स्वतन्त्रताका लागि भयो । मनमा यस्तै कुरा खेले ।

वातावरण अलि सहज बन्यो । औद्योगिक गुल्मका डीएसपी र इन्सपेक्टर सहयोगी रहेछन् । साथीहरूलाई फोन गर्न दिए । मैले प्रतिबद्ध मार्क्सवादी लेखक अशोक सुवेदीलाई फोन गरेर आफू गिरफ्तारीमा परेको खबर सुनाएँ । यस्तै डबल नेकपाका रसुवा जिल्ला सचिव जगतजङ्गलाई पनि फोन गरेँ । पुराना साथीहरू किरण इङनाम र योगेश बरालालाई पनि घटनाको जानकारी दिएँ । छिनैभरमा मेरो गिरफ्तारीविरुद्ध सामाजिक सञ्जाल तात्यो । मिडियामा व्यापक समाचार आयो ।

### गिरफ्तारी अर्थलाई कसरी लिऊँ !

म चालीस रुपैयाँ बोकेर चिया पिउन निस्केको व्यक्ति । कलमको सिपाही । अलिअलि देशको चिन्ता गर्ने सामान्य व्यक्ति । मैले पक्राउ पर्नुपर्ने कुनै कारण नै थिएन । राज्य मसँग किन यति धेरै त्रसित भयो ? बुझ्नै सकिरहेको थिइनँ ।

सशस्त्र प्रहरीका इन्सपेक्टरले आफ्नु अफिसमा राम्रो स्वागत गरेका थिए । खाजा पनि खुवाएका थिए । मानवीय व्यवहार गरेका थिए तर आरोप सुन्दा भाउन्न होलाजस्तो थियो ।

आगजनी, बम विस्फोट, चन्दा असुली आदि लामो सूची नै तयार गरिएको थियो । निराधार प्रतिवेदन बनाएर एउटा नागरिकमाथि झूटा आरोप लगाइएको थियो । यो सीधा अर्थ थियो- केपी ओली सरकार, उसको प्रतिबन्ध र त्यसले सुरक्षा निकायलाई पारेको बाध्यता । यसमा प्रहरीलाई दोष दिनुपर्ने कारण थिएन । उनीहरूले आफ्नु कर्तव्य निर्वाह गरेका हुन् ।

जस्तो हरेकको आफ्नैखाले डिउटी हुन्छ । शिक्षकले पढाउँछ । वकिलले बहस गर्छ । सरकारी कम्युनिस्टको नेता छ, सार्वजनिक जग्गा बेच्छ । नदी बेच्छ । देशको स्वाभिमान बेच्छ । मन्त्री छ भने कमिसनको खेती गर्छ । सच्चा पत्रकार छ, खोजी पत्रकारिता गर्ला । मलाई गिरफ्तार गर्नु उनीहरूको डिउटी थियो, पूरा भयो । मैले यही अनुभूत गरेँ ।

रमाइलो कुरा, जब मेरो गिरफ्तारी हुँदै थियो केही सरकारी कमरेडहरूको दोधारे स्टाटस आइसकेछ ।

### अनि खानतलासीमा पऱ्यो मेरो कुटी

लेख्ने मान्छेसँग किताब हुन्छ, डायरी हुन्छ । यो कुरा पुलिसलाई थाहा छ र पनि इन्स्पेक्टर ईश्वर थापा मेरो कोठा खानतलासी गर्न हतारिए । त्यसपछि सशस्त्र र नेपाल प्रहरीको ध्यान उक्लियो हिले । एउटा जात्राजस्तो वातावरण बन्यो । घरधनी आमाले भनिन्- एउटा कलम चलाएर हिँड्ने युवकसँग त्यस्तो के होला र ? छन् भने किताबहरू होलान् ।

मेरो कोठामा भेटिए वादल-प्रचण्डहरूको हेटौँडा महाधिवेशनको दस्तावेजदेखि नौलो बिहानी मासिक, रातो खबर साप्ताहिक, समर प्रतीकलगायत पत्रिकाहरू । घनश्याम भुसाल, चैतन्य मिश्र र राम कार्कीसम्मका लेख भएका जर्नल । मेरो सम्पादन-प्रकाशनमा आइरहेको प्रेस काउन्सिलद्वारा 'ख' वर्गमा वर्गीकृत रातो हिमाल आदि पत्रिका र पुस्तकहरू जसको कारण मलाई राजद्रोहको मुद्दा लगाउन सजिलो भयो ।

हरेक अध्ययनशील युवाहरूको दराजमा कम्युनिस्ट किताब हुन्छ । आजको सरकार चलाउने पार्टी पनि कम्युनिस्टकै झन्डा हल्लाउँछ । लेनिनदेखि होक्जासम्मको कुरा गर्छ । घनश्याम भुसाल भन्दैछन्- पार्टी देख्दा रुन मन लाग्छ । मलाईचाहिँ कम्युनिस्ट नाउँको सरकारले कम्युनिस्ट किताब पढ्यो भनेर राज्यद्रोहको मुद्दा लगाउँदा रुनु न हाँस्नु भयो । रुन यो अर्थमा सकिएन- यो एउटा अभिव्यक्ति स्वतन्त्रताको मोर्चा थियो । हाँस्न यो अर्थमा सकिएन- सरकार कमसेकम कलमसँग आतङ्कित हुन छोडेको छैन । कृष्णलाल र कृष्ण सेन 'इच्छुक' हरू जन्मिएका जन्मियै छन् । किताबहरू आज पनि प्रतिबन्धित छन् । विचारहरू निषेधित छन् । बाटोमा आइपुगेर दोधारमा परेको छ योद्धा । कविता र गीतहरूमाथि निगरानी सुरु भएको छ । प्रेसमाथि हमला जारी छ । जरुर साथी देशको हाल खराब छ ।

### कम्युनिस्ट सरकारलाई किन डर लाग्यो रातो किताबसँग ?

बरामद गरिएका धेरैजस्तो किताब वादल-प्रचण्डसँग सम्बन्धित थिए । हेटौँडा महाधिवेशन जसले माओवादीलाई एमालेकरण गर्न खुट्किलो बनायो त्यो पुस्तक नै किन प्रतिबन्धित भयो, मलाई छुट्याउन गाह्रो भयो । भनिन्छ, क्रान्ति र प्रतिक्रान्ति टाढा हुँदैनन् । क्रान्तिलाई बिगारिँदिँदा, भत्काइदिँदा त्यो प्रतिक्रान्तिको बाटोमा पुग्छ । हाम्रा नेताहरू साह्रै क्रान्तिकारी पनि भए । चाँडै खलनायक पनि भए । एकै व्यक्ति नायक भएको पनि देखियो । एकै व्यक्तिले सबै कुरा छोडेर हिँडेको पनि देखियो । हाम्रै जीवनकालमा परिवर्तनका अनेकौँ आरोहअवरोह देखियो । आफैँले पनि परिवर्तनको आन्दोलनमा भाग लिइयो ।

झोलामा कविताका किताब बोकेर अनामनगर पुग्दा १३ वर्षअघि एकजना मार्क्सवादी सौन्दर्यशास्त्रीले भनेका थिए- हाम्रो आन्दोलनमा एउटा डमरुको आगमन भयो । कलमको मोर्चा जहिल्यै अग्र हुन्छ । लेख्न नछोड्नू । परिवर्तनको बाटो नछोड्नू ।

म निरन्तर लेखिरहेको छु, बोलिरहेको छु । वैचारिक विमर्श गरिरहेको छु । आजको दुनियाँमा बोल्न निषेध गर्ने मुलुक एकाध छन् । अमेरिकाजस्तो मुलुकमा बौद्धिकहरू बोल्दा राष्ट्रपति गम्भीर हुन्छन्, मुर्मुरिन्छन् तर बोलेकै आधारमा, लेखेकै आधारमा जेल हालिँदैन । पुँजीवादी भनिने मुलुकमा मानवअधिकार छ, अभिव्यक्ति स्वतन्त्रता छ । बौद्धिकताको सम्मान छ तर हाम्रोजस्तो कम्युनिस्ट सरकार भएको देशचाहिँ लेखक, कवि, कलाकार, चित्रकारमाथि राज्यद्रोहको मुद्दा लगाइरहेछ । कोठामा भएका किताब जफत भएपछि लाग्यो सत्ता आफ्नु नहुनेको आफ्नु भन्नू केही नहुने रहेछ । एउटा निःशस्त्र नागरिकसँग पनि सत्ता डराउँदो रहेछ । शासकहरूको मन बिग्रेपछि हुने यस्तै रहेछ ।

### त्यो सानो हिरासत कक्ष

महानगरीय प्रहरी वृत्त बालाजु । फलामको घेराभित्र रहेको हिरासत कक्ष । एउटा सानो कोठा । उडुसको टोकाइ । सास फेर्न कठिन वातावरण । मनमा छाएको उदासीको तुवाँलो । मान्छेहरूको भीड । त्यो रात निकै सकसले बित्यो ।

रातभर विभिन्न खालका थुनुवा आए । कोही जाँडले टिल्ल भएका थिए, कोही श्रीमती कुटेर आएका थिए । कोही सवारी ज्यानका आरोपित थिए । सानो कोठामा कोचिएर बस्यौँ हामी ।

राती नै आएका दुई व्यक्ति भने साथी बने । सामना परिवारका पूर्वकलाकार सुवास कडरा र अखिल क्रान्तिकारीका पूर्वनेता अरुण बम । अरुण बमले चलाएको सुदूरपश्चिम दोहोरी साँझमा लफडा परेपछि प्रहरीले सुवासलाई पक्राउ गरेको रहेछ । सुवास र एक गुप्तचर प्रहरीबीच झगडा परेको रहेछ । त्यही कारण सुवासलाई त्यहाँ ल्याइएको रहेछ । राती नै लब्ली डान्स बारका अनिलकुमार लामालाई प्रहरीले खोरमा हालिसकेको थियो । भारतीयहरूलाई ओभर बिल लगाएको कारण उनी पक्राउ परेका रहेछन् । अनिल पनि साथीहरूका कारण अप्ठ्यारो परेको बताइरहेका थिए । डान्स बार भनेको पैसाको मतलब नभएका दलालहरू जम्मा हुने ठाउँ हो । सामान्य नेपाली त्यहाँ जान सक्दैनन् । धनीहरूको अखडामा लफडा हुन्छ । मान्छेहरू थुनिन्छन्, निस्कन्छन् । डान्स बारले चौकी गएर कारबाही भोग्ने मान्छे भाडामा राखेको हुने रहेछ । अनिलको रात्री व्यवसाय राम्रो चलेको रहेछ ।

राती नै मेडिकल लगियो । चेक गरियो । हिरासतमा राखिएका थुनुवाहरूको स्वास्थ्य ठीक छ भन्नका लागि । अरू जोखिमबाट जोगिनका लागि प्रहरीले स्वास्थ्य परीक्षण गराउँछन् । देशभर नै यस्तो चलन छ । डाक्टरकोमा जाने, सय रुपैयाँ तिर्ने अनि फर्किने । यसरी चेक गराइँदिँदा थुनुवा बिरामी भए पनि पुलिसको दोष रहँदैन । त्यही भएर होला नेपाल प्रहरीमा यस्तो चलन बसेको । त्यो रात त्यसरी बित्यो । खाना खाइयो, सुतियो ।

### हिरासतभित्रै सामना परिवारका कुरा

बाजुराका सुवास विक सानैदेखि माओवादी आन्दोलनमा जोडिएका युवक रहेछन् । बिन्दास र अलि कडा मिजासका सुवास अहिले राजनीतिभन्दा व्यवसाय गर्दा रहेछन् । अरुण पनि व्यवसाय गरिरहेका व्यक्ति रहेछन् ।

राजनीतिक प्रतिक्रान्तिपछि पाखा लागेका धेरै पात्रमध्ये सुवास र अरुण पनि थिए । ती माओवादी आन्दोलनप्रति गर्व गर्थे तर नेताहरूले बाटो बिराएको भन्दै दुःख व्यक्त गर्थे ।

सुवास सामनाको अभियानमा लामो समय जोडिएका रहेछन् । आपसमा देखे पनि हाम्रो परिचय भएको रहेनछ । उनले माइला लामाको कुरा गरे । अशोक सुवेदीको कुरा गरे । सामना परिवारको दुःखको कुरा गरे । रमण-आरोहको साङ्गीतिक दुःखबारे निराशा व्यक्त गरे ।

माइला लामाको गीतको कुरा भए । विशेषतः झन्कार बुढामगरको नयाँ गीत लुट्नु हुन्न देश शीर्षकको गीतबारे छलफल भयो । झन्कारजस्तो विख्यात जनवादी कलाकारले किन सरकारको यति धेरै प्रतिरक्षा गरे ? किन झन्कार बिग्रे ? किन उनलाई विद्रोही भनिनेले हेला गरे र त्यही तुसले उनी प्रचण्डतिर फर्किए ? हामीले अनेकौँ बहस गऱ्यौँ ।

के छ यार रक्तिमजी ?
जोमसोमै बजारमा
बाह्र बजे हावा सरर
ए हजुर घर हाम्रो पोखरा

हिरासत कक्षमा कसैले बिहानबिहानै यति मीठो गीत सुसेल्यो । निद्रा खुल्यो । वैशाख तीन गतेको दिन उस्तै थियो जुन हिजोको दिन थियो । यो वसन्तऋतुको मौसम पनि रुखो लागेको छ मलाई । त्यो गीतले हिरासतमै भए पनि साङ्गीतिक मिठास दिलायो । मनमा कतै सानो उत्साहले बास गऱ्यो । त्यो गीत गाउने व्यक्ति रहेछन् सन्तोष लामा । लागूपदार्थको मुद्दा झेलिरहेका तर सुमधुर गीत गाउन सक्ने प्रतिभा सम्पन्न युवक । कागजको सारङ्गी बनाउँदै सन्तोष मस्तले अङ्ग्रेजी गीत पनि गाउँथे । हिरासत कक्ष कुनै कला केन्द्रजस्तो बन्यो । कुनै सङ्गीतकारको निजी कोठाजस्तो हुन्थ्यो । हामी बसुन्जेल उनले दर्जनौँ गीत गाए ।

गीत सुन्दै गर्दा अचानक देखेँ जनमुक्ति सेनाका पूर्वकमान्डर रक्तिमलाई । पार्टी राजनीतिबाट टाढा बसेर मासु पसल गर्दै गरेका उनलाई पनि राज्यद्रोहको मुद्दामा पक्राउ गरिएको रहेछ । ठूलो आकारको हिरासत कक्षमा रहेका रक्तिमलाई मैले हात उठाए । उनले पनि हात उठाए । सन्तोष फेरि अर्को गीत गाउँदै थिए ।

### बालुवाटारको जग्गा भर्सेज राज्यद्रोह

कम्युनिस्ट भनिनेहरूलाई कति जमिन र सम्पत्ति चाहिन्छ ? यो हाजिरीजबाफभन्दा बाहिरको प्रश्न हो । म हिरासतमा पर्दा र निस्कँदासम्म नेकपाका महासचिव विष्णु पौडेलसँग जोडेर बालुवाटार जग्गा विवादको विषय बजार गर्माएको थियो र छ । मलाई भाउन्न हुँदै थियो- म यति धेरै देशको चिन्ता गर्छु । देशलाई सुन्दर बनाउनुपर्छ भन्छु । सबैको आङमा घाम लाग्नुपर्छ भन्छु । तर म राज्यविरुद्ध अपराधअन्तर्गत मुद्दा झेल्दैछु । अनि अर्को तप्का छ । ऊ बालुवाटार बेच्छ । भएपाएका खुला र सरकारी जमिन कब्जा गर्छ । ऊ सानले देशभक्त हुन्छ । राष्ट्रवादी कहलिन्छ । सुखी नेपालीको डम्फु बजाएर समृद्ध नेपालको सुपर डान्स गर्छ । दुःखद् छ हामी कलमका सिपाहीले भोगेको यो कहालीलाग्दो कहर !

लियो टोल्सटायको एउटा कथा छ- मानिसलाई कति जमिन चाहिन्छ ? कथामा एउटा पात्र आफूले चाहेको जमिन पाउन दिनभर कुद्छ । लोभले अति नै व्याकुल ऊ घाम अस्ताउने बेला घोप्टो भएर मर्छ । आखिर उसलाई पुर्न पाँच फिट जमिन न चाहिन्थ्यो । उसले त्यो बुझेन । वर्तमान सन्दर्भमा यो कथा झन् बिम्बात्मक भएको छ । विष्णु पौडेल एउटा सामान्य उदाहरण हुन् । भूमाफियाको चक्रव्यूहको जरा पत्ता लगाउन सामान्य जनले सक्दैन । यसको जड दलाल पुँजीवाद हो । व्यक्तिकेन्द्रित अर्थतन्त्र हो । यसलाई स्वार्थसमूह भनिन्छ । हो उनकै हातमा छ देश ।

### जहाँ निषेधित छ राता किताब

हिरासतमा स्टिलको भाँडा र छालाको पेटीसम्म निषेधित हुन्छ । जहाँ किताबहरू पढ्न पाइन्छन् तर खास किताब मात्र पढ्न पाइन्छ । जस्तो विनोद चौधरीको जीवनी पढ्न पाइन्छ तर चारु मजुमदारको कुनै किताब पढ्न पाइँदैन । समर लभ पढ्न पाइन्छ, प्रेमसुधाको तिमी अमर भयौ मेरो मुटु चुँडियो र नौलो बिहानीको 'प्रतिबन्धविरुद्ध प्रतिरोध' पढ्न पाइँदैन । बालाजु हिरासतमा पहिचानवादी साहित्य बरु जति पनि पढ्न पाइएको हो किनकि ती किताबका गाता राता हुँदैनन् । हिरासत कक्षमै थिए दमिनी भीर र लाटो पहाड । लागूपदार्थ मुद्दामा आएका अजय लामाले त्यो किताब ल्याएका रहेछन् । उनले प्रिय सुफी र समर लभ पनि ल्याएका थिए ।

खासगरी जीके पोखेलको गोहो र उमा सुवेदीको सयौँ पुतली साथीहरूले धेरै पढे । गोहो आफैँमा परिवर्तन र आन्दोलन 'बाल' नदिएको दुलोबाट आएको कथा हो । यस्तै कथाले हो यस्ता ठाउँमा हिट खाने । सामाजिक कथामा भने जीके राम्रो गरी प्रस्तुत भएका छन् ।

(देशद्रोहको झूट्टो मुद्दा खेपेर २६ दिनपछि हाले मुक्त भएका साहित्यकार रसुवाली कविको प्रकाशोन्मुख हिरासत डायरी पुस्तकको अंश- सम्पादक ।)

# सरकारी विद्यालय नै शुल्क असुली धन्दामा

जीपी चौलागाईं

राज्यको नीति विद्यालय शिक्षा पुर्ण रूपमा निःशुल्क गर्ने भनिए पनि उपत्यकाका अधिकांश सरकारी विद्यालयले विद्यार्थी भर्ना अभियानमा नै निजी विद्यालयबराबर विभिन्न शीर्षकमा विद्यार्थीबाट नियमविपरीत शुल्क असुली गरेको पाइएको छ ।

निजी स्रोतका शिक्षक कर्मचारीलाई तलब, अङ्ग्रेजी माध्यमबाट पढाइलगायत बहानामा खुलेआम विद्यालयहरूले शुल्क असुल्दासमेत स्थानीय शिक्षा कार्यालय र जनप्रतिनिधिहरू मूकदर्शक बनिरहेको गुनासो अभिभावक टङ्क भट्टराईले गरे । उनले भने, 'राज्यले शिक्षा निःशुल्क भनेको भए पनि सरकारी विद्यालयले निजी विद्यालयसरह नै शुल्क लिएका छन् ।'

काठमाडौँ महानगरपालिका वडा नं ४ मा पर्ने बाँसबारी माध्यमिक विद्यालयले नर्सरीदेखि कक्षा १० सम्मका विद्यार्थीबाट विभिन्न शुल्क शीर्षकमा २ हजार रुपैयाँदेखि ५५ सय रुपैयाँसम्म उठाइरहेको पाइएको छ । त्यस्तै वडा नं ६ बौद्धको जनकल्याण माध्यमिक विद्यालयले नर्सरी कक्षाको वार्षिक ५ हजारदेखि कक्षा दसको १६ हजारसम्म असुल गरिरहेको पाइएको छ । उक्त विद्यालयकी प्रधानाध्यापक कुमारीकमला राईले भने विद्यार्थीसँग शुल्क उठाउनु बाध्यता भएको बताइन् । उनले विद्यालयमा पर्याप्त दरबन्दी नभएको र निजी स्रोतका शिक्षक कर्मचारीको व्यवस्थापन गर्नुपर्ने भएकाले शुल्क उठाउनुपरेको दाबी गरिन् ।

उपत्यकाका अधिकांश सरकारी विद्यालयहरूले विभिन्न बहानामा नियमविपरीत शुल्क असुल गर्ने गरेका छन् । काठमाडौँ महानगरपालिका शिक्षा शाखाका प्रमुख निर्मला केसीले कानुनविपरीत कसैले पनि शुल्क उठाउन नपाउने र कसैले उठाएको पाइएमा कानुनबमोजिम स्पष्टीकरणलगायत कारबाही गर्ने बताइन् । बूढानीलकण्ठ नगरपालिका शिक्षा शाखा प्रमुख नवराज नेपालले कुनै पनि सरकारी विद्यालयलाई विद्यार्थीसँग शुल्क उठाउने अधिकार नभएकाले विद्यार्थीसँग शुल्क उठाएको प्रमाणित भएमा कारबाही गर्ने बताए ।

त्यस्तै ललितपुर महानगरपालिका शिक्षा प्रमुख महेन्द्र क्षेत्रीले सरकारी विद्यालयहरूले विद्यार्थीसंग कुनै पनि प्रकारको शुल्क लिन नपाउने र त्यस्तो पाइए कारबाही गर्ने बताएका छन् ।

# जनसरकार प्रमुखको चेतावनी

**कैलाली** : नेकपा कैलालीका जनसरकार प्रमुख करणले विज्ञप्ति जारी गर्दै बर्तमान सरकारको अलोकप्रिय कदमले जनता आजित भएको भन्दै आफ्नो जनसरकारले आफ्नै नीति तथा कार्यक्रम सञ्चालन गरिरहेको बताएका छन् । सरकारले नेकपामाथि प्रतिबन्ध लगाई देशमा राजनीतिक सङ्कट उत्पन्न गर्न अघोषित रूपमा युद्धको घोषणा गरी आतङ्क मच्चाएकाले जनताको आँखामा दिनप्रतिदिन अलोकप्रिय बन्दै गएको उनले बताएका छन् ।

आमजनताको माझमा नेकपाको लोकप्रियता बढिरहेको र जनसरकारका जनपक्षीय कार्यक्रम जनतामाझ लागू भैरहेपछि राजनीतिक पूर्वाग्रहका कारण सरकारले दमन अभियान चलाएको र त्यस्तो दमनको कडा प्रतिपाद गर्ने चेतावनी उनले दिएका छन् ।

साथै जनपरिषद्ले सरकारले जनतामाथि लूट गर्ने, चर्को ब्याजमा ऋण वितरण र जनतालाई ऋणको भार थुपार्ने वित्तीय बैङ्क तथा वित्तीय सहकारी संस्था, एनजीओ/आईएनजीओ र विकास निर्माणका कार्यहरू जनसरकारको अनुमतिबिना प्रवेश निषेध गर्ने चेतावनी दिएको छ । 'वित्तीय बैङ्कहरूले जनतामा समूह गठन गरी चर्को रूपमा ब्याज असुली गर्ने, ऋणको भारी थुपार्ने, यस्ताखाले दलालहरूको वित्तीय बैङ्कको ऋण ब्याज नतिर्न आम जनसमुदायमा जनसरकार अपिल गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा कैलाली जनसरकार उपप्रमुख मीना साउँदलाई बिनाकारण प्रहरीले पक्राउ गरेको भन्दै बिनासर्त रिहाइको माग पनि गरिएको छ ।

## सन्दर्भ कार्ल मार्क्सको द्विशताब्दीऔँ जन्मदिवस

# महान् दार्शनिक कार्ल मार्क्स



कल्पना पौडेल 'जिज्ञासु'

वैज्ञानिक साम्यवादका प्रणेता, विश्व कम्युनिस्ट आन्दोलनका महान् गुरु दार्शनिक कार्ल मार्क्सको जन्म ५ मे १८१८ मा आमा हेनरी यट्रको कोखबाट जर्मनीको ट्रियर सहरमा भएको थियो । उनका बुबा हेनरिख मार्क्स फ्रान्सेली विचारबाट प्रभावित थिए ।

कार्ल मार्क्सले ट्रियर जिम्मेसियम स्कुलमा सन् १८३० देखि १८३५ सम्म आफ्नो प्रारम्भिक अध्ययन पूरा गरेका थिए । त्यतिबेला उनले पैसा छनोटबारे एक किशोरको विचार शीर्षकमा निबन्ध लेखे । त्यो निबन्ध प्रबोधनकालको प्रगतिशील विचारधाराबाट ओतप्रोत थियो । मार्क्सको बौद्धिक प्रतिभाको प्रस्फुटन उक्त निबन्धले दर्साएको थियो ।

सन् १८३५ अक्टोबरमा मार्क्स बोन विश्वविद्यालयमा कानुन विभाग रोजेर भर्ना भए । विश्वविद्यालयमा उनले कानुनशास्त्रका साथै साहित्य, नवीनतम कला इतिहास र सौन्दर्यशास्त्रको पनि अध्ययन गरे । बोन विश्वविद्यालयमा एक वर्ष अध्ययन गरेपछि बर्लिन विश्वविद्यालयमा भर्ना भए । त्यहाँ वैज्ञानिक अध्ययन र बौद्धिक विकासका लागि बढी सुविधा थियो ।

बर्लिनमा मार्क्सले धेरै मेहनत गरे । त्यससको फलस्वरूप उनको बौद्धिक विकासले तीव्र गति लिन थाल्यो । उनी कलेजको अध्ययनका साथै स्वतन्त्र अध्ययनमा पनि व्यस्त रहे । उनले मुख्यतः दर्शनशास्त्र, इतिहास, साहित्य र कलाको पनि गहिरो अध्ययन गरे । अङ्ग्रेजी र इटाली भाषासमेत सिकेर उनी धेरै छोटो समयमा महान् बौद्धिक व्यक्तित्व बन्न सफल भए ।

कार्ल मार्क्स र जेनी बाल्यकालका साथी थिए जर्मनीको राइन प्रान्तको सल्ज्वेडलमा रहेको एउटा सम्भ्रान्त परिवारमा सन् १८१४ को फेब्रुअरी १२ मा जन्मेकी जेनी बोन वेस्टफालेन आफ्ना पितासँगै ट्रियरमा बसाइँ सरेर आएकी थिइन् । बाल्यकालमा सँगै खेल्दै गर्दा सुरु भएको बालप्रेम बिस्तारैबिस्तारै हरेक दिनको सूर्योदयसँगै फक्रँदै जान थाल्यो । प्रत्येक रातको निरवतासँगै प्रगाढ बन्दै गएको प्रेम दुवैजना युवा अवस्थामा पाइला टेक्न नपाउँदै एक–अर्कोबिना बाँच्नै नसक्ने र प्रेमको खातिर जस्तोसुकै मूल्य चुकाउन पनि पछी नपर्ने भए । जेनी र कार्ल मार्क्सबीचको बालप्रेम जेनी २१ वर्ष र मार्क्स १७ वर्षको हुँदा युवकयुवतीबीचको प्रेममा विकास र परिणत भयो । प्रेमको कोपिला फक्रँदो सुगन्धित फूल बन्यो जसको परिणाम १८३६ को ग्रीष्मकालमा उनीहरूले विवाह गरे ।

जेनी अभिजात वर्गकी थिइन् । यही कारण जेनीको परिवारले सम्बन्धलाई स्वीकार नगर्ने अवस्था देखेर त्यो विवाहलाई औपचारिक रूपमा सार्वजनिक गरिएन । तीक्ष्ण बुद्धि, सुशीलता र उत्कृष्ट आचरणकी धनी जेनी बोन रूपमा पनि अनुपम थिइन् । त्यसैले मार्क्सजस्तो विलक्षण प्रतिभालाई जीवनसाथी बनाउन सफल भइन् भने मार्क्स आफ्नो बौद्धिकताले जेनीजस्ती सुन्दर नारीलाई जीवनसँगिनी बनाउन सफल भए ।

मार्क्स र जेनीका बीच अगाध प्रेम थियो । जेनीसँग अलग्गै भएर बर्लिनमा बस्नुपर्दाको बिछोडको असहय पीडाबोधले कार्ल मार्क्सलाई प्रेमकथा, गीति काव्यजस्ता भावपूर्ण साहित्यिक कृतिहरूको रचना गर्ने प्रेरणा पनि मिल्यो । ती कृतिहरू मार्क्सको आफ्नै शब्दमा 'मेरी प्रियतमा' भनी जेनीलाई अनन्त प्रेमसहित समर्पण गरेका थिए ।

मार्क्सकी पत्नी जेनी सम्पन्न परिवारकी थिइन् तर आफ्ना क्रान्तिकारी विचार तथा कार्यक्रमका कारणले उनले सधैँ अभावग्रस्त र कष्टकर जीवन बिताउनुपर्‍यो । जेनीको जीवनको सबभन्दा महत्वपूर्ण पक्ष त्यस्तो गरिबी, अभाव, कठिन परिस्थिति वा अवस्थामा पनि मार्क्सलाई सधैँ आफ्नो सच्चा र प्रगाढ प्रेम दिइन् र आफ्नो पतिका सबै विचार र कार्यहरूमा सक्रियतापूर्वक साथ दिइन् । त्यसैले मार्क्स र जेनी सफल विवाहित जोडी भनेर कहलिएका थिए । उनीहरूका बीचको सफल प्रेम र सफल दाम्पत्य जीवनको उदाहरण आज पनि लिने गरिन्छ ।

कार्ल मार्क्सले विद्यावारिधिको थेसिस 'डेमोक्रेटिसको प्रकृति दर्शनबीचको भेद' विषयमा तयार पारेका थिए । यो नै मार्क्सको पहिलो वैज्ञानिक कृति हो जुन अध्यात्मवादी चिन्तनमाथिको खोज थियो । प्रोइसेन राजधानीमा रहेको विश्वविद्यालयमा आफ्नो थेसिसको सही मूल्याङ्कन हुन सक्दैन भन्ने बुझेर नै मार्क्सले झेना विश्वविद्यालयमा आफ्नो थेसिस पठाए र १८४१ मा दर्शनशास्त्रको विद्यावारिधिको उपाधि प्राप्त गरे । त्यसपछि उनी अत्यन्तै प्रतिष्ठित दार्शनिक बन्न पुगे ।

प्रगतिशील र शोषित वर्गको हितमा आफ्नो जीवन अर्पण गर्ने अठोट गरेका मार्क्सले आफूजस्तै विचारधारा भएका, अत्यन्तै विश्वासिला र सहयोगी फ्रेडरिक एङ्गेल्सलाई साथीका रूपमा पाए । मार्क्सभन्दा दुई वर्ष कान्छा एङ्गेल्सको जन्म राइन प्रान्तको बार्मेन सहरमा भएको थियो । एङ्गेल्सको कृति 'राजनीतिक अर्थशास्त्रको आलोचनाको रूपरेखा' शीर्षकबाट मार्क्स परिचित भएपछि उनीहरूका बीचमा पत्र आदानप्रदान हुन थाल्यो । १८४४ अगस्टमा बेलायतबाट जर्मनी फर्किँदा एङ्गेल्सले पेरिसमा मार्क्ससँग भेटे । दस दिनको संसर्गमा सबै सैद्धान्तिक क्षेत्रमा उनीहरूबीच एकरूपता देखापर्‍यो । त्यसै बेलादेखि उनीहरूको संयुक्त कार्य सुरु भयो ।

मार्क्स र एङ्गेल्सको यस ऐतिहासिक भेटले एक असाधारण मित्रता र दुई महान दिग्गजहरूको सहयोगको थालनी भयो । यो मित्रता र सहयोगले मजदुरवर्गलाई वैज्ञानिक क्रान्तिकारी सिद्धान्तले सुसज्जित बनायो । सर्वहारा पार्टीको राजनीति र कार्यनीतिको जग बसाल्यो । मार्क्सले आफ्ना सहकर्मी एङ्गेल्ससँग मिलेर विश्व कम्युनिस्ट आन्दोलनको घोषणापत्र, पुँजीलगायत थुप्रै ऐतिहासिक कृतिहरू तयार पारे । ती कृतिहरूले साम्यवाद प्राप्तिको आन्दोलनमा लाग्नेहरूका लागि सधैँ मार्गदर्शन गरिरहेको छ । त्यसैले मार्क्स र एङ्गेल्स विश्व कम्युनिस्ट आन्दोलनका मार्गदर्शक हुन् । उनीहरूले देखाएको बाटोमा विश्वभरका असली कम्युनिस्टहरू हिँडिरहेका छन् । कम्युनिस्ट आन्दोलनमा मार्क्सको सर्वाधिक योगदान रहेको छ ।

मार्क्सको जीवनमा धेरै कठिन परिस्थितिहरू आए । मार्क्सको परिवार जहाँजहाँ जान्थे त्यहाँबाट चाँडै नै लघारिन्थे । उनीहरूको आर्थिक अवस्था साह्रै नाजुक थियो । सन् १८४४ मे १ मा पहिलो सन्तानका रूपमा छोरी जन्मिएकी थिइन् । मार्क्स पत्रिका निकाल्ने काम गर्थे । पत्रिकाको अवस्था पनि सन्तोषजनक थिएन । यसैबीच १८४५ को सुरुमा मार्क्सको परिवार बसेको घरमा अचानक प्रसियाली सरकारको प्रहरी आएर उनलाई २४ घन्टाभित्र पेरिस छोड्न आदेश सुनाएर गयो । जेनीलाई भने पेरिस छाड्न भनेको थिएन । जेनीले यही बेला आफ्ना समान बेचेर केही पैसा जम्मा गरिन् । त्यसपछि उनीहरू ब्रसेल्समा सरे । केही दिनपछि फेरि दुईजना मानिस राति घरभित्र पसेर सोधपुछका लागि भन्दै मार्क्सलाई समातेर लगे । त्यसै राति मार्क्सलाई छुटाउन यता र उता दौडने क्रममा जेनीलाई पनि प्रहरीले गिरफ्तार गर्‍यो तर जेनीबाट कुनै प्रमाण नभेटेपछि हिरासतबाट मुक्त गर्‍यो ।

उनीहरूले १८४५ मा पेरिसबाट, १८४८ मा ब्रसेल्सबाट, १८४९ मा क्योलनबाट र अगस्ट १८४९ मा फेरि पेरिसबाट निर्वासित हुनुपर्‍यो । बसाइँ सर्नका लागि उनीहरूसँग पैसा थिएन । कैयौँपटक त जेनी गर्भवती भएको बेलामा पनि उनीहरूले निर्वासित हुनुपर्‍यो । यस्तो अवस्थामा जेनी र छोराछोरीलाई एक्लै छोडेर मार्क्स लन्डन पुगे । एकपछि अर्को भनभन् ठूला दुःखका दिन आए तर उनी विचलित भएनन् । यसको कारण जेनी हुन् । सबै किसिमको दुःखकष्ट सहन सक्ने, आफ्नो पतिले अपनाएको बाटो महान् बाटो हो र यसले संसारभरिका श्रमिक वर्गलाई सबै किसिमका शोषणहरूबाट मुक्त गराउँछ भन्ने दृढ विश्वास भएकी पत्नीको साथ र अगाध मायाले प्रमुख भूमिका निर्वाह गरेको थियो । मार्क्सको महान् खोज कार्यमा आर्थिक विपन्नता र पारिवारिक बिछोडका व्यथाहरूले अवरोध खडा गर्न खोजिरहेका हुन्थे तर जेनी हरेक समस्यालाई सामान्य रूपमा लिएर सामना गर्थिन् । यस्तैमा १८५० को नोभेम्बरमा निमोनियाका कारण मार्क्सका छोरा फाक्सको मृत्यु भयो । यसैगरी १८५३ को क्रिसमसमा अर्की छोरी फान्जिस्काको मृत्यु भयो । त्यतिबेला उनीहरूसँग कफन (कात्रो) किन्ने पैसा पनि थिएन । तीनजना जिउँदा बच्चालाई एउटा कोठामा सुताएर उनीहरु अर्को कोठामा छोरीको शवनजिकै रोएर बसे । त्यसै बेला जर्मनबाट आएका साथीहरूसँग दुई पाउन्ड मागी कात्रो किनेर छोरीको शव चिहानमा गाडे ।

मार्क्सकी छोरी इलेनर समाजवादी आन्दोलनका विभिन्न क्षेत्रमा सक्रिय थिइन् तर एकजना व्यक्तिले उनलाई प्रेममा धोका दिएर अर्कै महिलासँग विवाह गरेकाले उनले आत्महत्या गरेकी थिइन् ।

जेनी फोक्सोको निमोनियाका कारण लामो समयसम्म बिरामी भएर ओछ्यानमा परेकी थिइन् । उता मार्क्सलाई पनि कलेजोको क्यान्सर भएको थियो । डाक्टरले उनीहरूलाई खतरा छ भनेका थिए । सन् १८८१ को डिसेम्बर २ का दिन लन्डनमा जेनीको मृत्यु भयो तर बिरामीले ग्रस्त भएका मार्क्स जीवनभर अगाध माया गरेकी पत्नीको अन्त्येष्टिमा पनि सहभागी हुन सकेनन् । जेनीको मृत्युको लगभग १५ महिनापछि १४ मार्च १८८३ मा मार्क्सको पनि लन्डनमा मृत्यु भयो । लन्डनमा परिवारका सदस्य र साथीहरूले १७ मार्च १८८३ मा लन्डनको हाइगेट कोटमा कार्ल मार्क्सको शरीरलाई अन्त्येष्टि गरे ।

## सामाजिक दलाल ...

कानुनी सुधार गर्न चाहने र उत्पीडित जाति र क्षेत्रलाई आफ्नो प्रभावमा लिन चाहने निम्न पुँजीवादी, सुधारवादी शक्तिहरू यसभित्र रहेका छन् । सङ्घीय समाजवादको प्रतिनिधित्व उपेन्द्र यादव, अशोक राईहरूले गरिरहेका छन् । अर्थराजनीतिक सम्बन्धमा पुँजीवादी व्यवस्थालाई स्वीकार गर्ने तर आर्थिक, कानुनी, प्रशासनिक क्षेत्रमा केही जनपक्षीय सुधार गर्न चाहने यो समाजवादी धाराले वास्तविक श्रमिक वर्गीय राज्यसत्ता र राज्यव्यवस्थाको प्रतिनिधित्व गर्न सक्दैन । यो समाजवादले पनि सुधारका गुलिया पर्चा छर्दै उत्पीडित जाति र क्षेत्रलाई व्यवहारतः पुँजीवादी संसदीय व्यवस्थाकै विभेदकारी जुवाभित्र जोताउन पुऱ्याउँछ ।

नेपालमा अर्को 'लोकतान्त्रिक, समृद्ध समाजवाद' को प्रयोग पनि भएको छ । यसको प्रयोग मूल रूपले माओवादी आन्दोलनको नेतृत्व तहमा पुगेर पलायन भएका बाबुराम भट्टराईले गरिरहेका छन् । उनले पुँजीवादको निजी स्वामित्ववाला बजार मुखी अर्थराजनीति र राज्यनियन्त्रित कम्युनिस्टहरूको अर्थराजनीति पुरानो र अपूर्ण भएकाले आफूले वर्तमान युगअनुरूप दुवैलाई पकडेको अर्थराजनीति अङ्गालेको तर्क गरिरहेका छन् । त्यसको ठोस रूप के हुनेछ नभने पनि त्यसको मूल सार चलिरहेको पुँजीवादी राजनीतिकै परिधिभन्दा बाहिर नजाने स्पष्ट हुन्छ । उनले हालै अमेरिका भ्रमणमा त्यहाँका बुद्धिजीवी र वैज्ञानिकहरूसँग अन्तरक्रिया गर्दा आफूलाई आफ्नो विचारप्रति अझ विश्वास बढेको तर्क गरेका छन् । बाबुरामले पुँजीवाद र साम्यवादलाई मिलाएर नयाँ सिद्धान्त बनाउने तर्कलाई आफ्नो र नयाँ भने पनि उनको यो सिद्धान्त र तर्क कुनै नयाँ होइन । यस सिद्धान्तले पनि राज्यसत्ता र व्यवस्थामा पुँजीवादी प्रजातन्त्रकै सार बोकेको छ भने आर्थिक सम्बन्धमा केही जनपक्षीय सुधार र संरक्षणको रूप लिएको छ । निजी स्वामित्व प्रधान भएको अर्थसम्बन्धले अन्ततः घुमाइफिराइ पुँजीवादी राज्यव्यवस्थामै पुऱ्याउँछ । मार्क्सको समयमा देखापरेको पुँजीवादी समाजवाद, काल्पनिक समाजवाद, लेनिनको समयमा देखिएको बर्नस्टिनको समाजवाद, माओको समयमा देखिएको ख्रुस्चोभी समाजवादका विशेषताकै वरिपरि यो घुम्न पुगेको छ । अझ पछि देङले चीनमा प्रयोग गरेको 'बजारमुखी अर्थनीतिको सिद्धान्त' यही होइन र ? नेपालमै एमालेले २०४७ पछि अघि सारेको ' बहुदलीय जनवादको सिद्धान्त' को सार पनि त यही हो । अनि कसरी भयो बाबुरामको यो नयाँ अनुसन्धान ! आर्थिक सुधार र संरक्षणवादको सिद्धान्तको तर्क गर्ने हो भने युरोपेली पुँजीवादीहरू विशेषतः उत्तरी युरोपका (स्कान्डिनभियन) देशहरूले पछिल्लो समयमा प्रयोग गरिरहेको प्रजातन्त्रको रूप यही होइन र !? यसरी हेर्दा 'लोकतान्त्रिक समाजवाद' भनेको केही पुँजीवादको मनोआतङ्क केही समाजवादको लोभलालच, केही पुँजीवादी वैभवको मोह, केही असफलताको पछुतो मात्र हो भन्ने साबित हुन्छ। अतः 'लोकतान्त्रिक समाजवाद' ले पनि अर्थराजनीतिक सङ्घर्षमा उत्पीडित जनतालाई मनोगत कल्पनाको आकाशबाट शोषणपूर्ण एवम् विभेदपूर्ण पुँजीवादी धर्तीमा पछार्नेबाहेक केही गर्दैन ।

नेपाली राजनीतिमा अन्य 'राष्ट्रिय समाजवाद', 'नेपाली विशेषताको समाजवाद' जस्ता सोचाइहरू पनि उदाउने र अस्ताउने गरिरहेका छन् । तिनको प्रयोग पनि प्रायः कि सामन्ती सत्ताको पराजयपछि जनताका बीचमा जनआकर्षित शब्दलाई ब्यानर बनाएर आफ्नो अस्तित्व प्रदर्शन गर्न चाहने सत्ताच्यूत वर्गबाट गरिएको छ कि त कम्युनिस्ट आन्दोलनबाट आफ्नो औचित्य लगभग गुमाइसकेपछि सहानुभूति पाउने आशा बोकेका व्यक्तिहरूबाट गरिएको छ । ती सोचाइहरूको पनि कुनै छुट्टै गन्तव्य नभएर अन्ततः संसदीय राजनीतिको परिधिभित्र केही असन्तुष्टि र विरोधसहित चक्कर मार्नेभन्दा कुनै नयाँ परिवर्तन दिने हैसियत राख्दैनन् । आफ्नो अस्तित्व सङ्कटका कारण खास अवस्थामा क्रान्तिकारी सर्वहारावर्गीय आन्दोलनमा खिचिने सम्भावना पनि रहन्छ ।

अन्तिममा रह्यो सन् २००६ पछि क्रान्ति र प्रतिक्रान्तिका बीचमा सम्पन्न धोकापूर्ण सम्झौतापछि पैदा भएको 'सामाजिक दलाल पुँजीपति वर्ग' ले भन्ने गरेको 'समाजवाद ।' नयाँ जनवादी क्रान्तिका कारण सामन्ती वर्गले सत्ताको नेतृत्व गुमाउन पुग्यो तर सर्वहारावर्गले पनि जित्न सकेन । दुवै वर्ग परास्त भएपछि सत्ताको नियन्त्रण दलाल पुँजीपति वर्गको हातमा पुग्यो । दलाल पुँजीपति वर्ग र साम्राज्यवादी तत्त्वहरूको साँठगाँठ देखेपछि पराजयको आतङ्कले वर्गसंघर्षको मोर्चा नै नछोलेर प्रचण्डहरूले आत्मसमर्पण गर्न पुगे । उनीहरूको आत्मसमर्पणले माओवादी आन्दोलनको एउटा हिस्सा मुखले कम्युनिस्ट भन्ने तर अरू सबै दृष्टिले पुँजीवादमा पतन हुन पुग्यो । सत्ताको सुविधाहरूमा बस्दाबस्दा र पछि पहिले नै पुँजीपतिवर्गमा पतन भइसकेको एमालेमा विलय हुन पुग्यो । सोही प्रवृत्ति नै हाल 'सामाजिक दलाल पुँजीपति वर्ग' मा उभिन पुगेको छ । यो वर्गले नाममा कम्युनिस्ट, राजनीतिमा समाजवाद र व्यवहारमा पुँजीवादको मिश्रण गरिरहेको छ । यसको नेतृत्व केपी–प्रचण्डहरूले गरिरहेका छन् ।

क्रान्तिकारी झापा विद्रोहका बन्दुक कोसीमा मिल्काएर पुँजीवादी सत्ताका पाउमा लम्पसार पर्न पुगेका केपी–माधव–झलनाथहरू र महान् जनयुद्धका उपलब्धिहरू मुख्यतः जनसत्ता, जनसेना, जनअदालत, जनप्रशासन आदिलाई दलाल पुँजीवादी सत्ताका पाउमा भेटी चढाएर घोप्टोचेप्टो पर्न पुगेका प्रचण्डहरूले भन्ने गरेको समाजवाद प्रस्ट व्याख्या नगरे पनि सारमा 'बहुदलीय जनवादी समाजवाद' नै हो । यसको अस्तित्व दलाल पुँजीवादी सत्ताभन्दा बाहिर देखिएको छैन र देखिने सम्भावना पनि छैन । तर यसको बहुरङ्गी विश्लेषण गरेर विशेषतः प्रचण्डले वितण्डा नै मच्चाएका छन् । उनी कतिखेर 'नेपालमा राजनीतिक क्रान्ति सकिएको, आर्थिक क्रान्ति मात्र बाँकी रहेको' भाषण गर्छन्, कतिखेर जनताले लड्नुपर्ने शक्ति नै बाँकी नरहेको, काङ्ग्रेससहित मिलेर समाजवाद ल्याउनुपर्ने तर्क गर्छन्, कतिखेर समाजवादका लागि दलाल पुँजीवादी सत्ता बाधक रहेको, कर्मचारीतन्त्र अवरोधक रहेको बोलिरहेका छन् भने कतिखेर अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा क्रान्ति सम्भव नरहेको प्रचार गर्छन् । उनीहरूको राजनीतिक सोचाइ र प्रयोग गरिरहेको ढाँचा हेर्दा जनतालाई भुक्याउन समाजवादको नारा दिने तर दलाल पुँजीवादी संसदीय व्यवस्थामा बसेर मोजमस्ती गर्ने प्रवृत्ति प्रस्ट देखिन्छ ।

कुनै सिद्धान्तको अभावले होइन, केपी–प्रचण्डले प्रचार गरेको समाजवाद श्रमिक जनताको समाजवाद होइन भन्ने प्रस्टता त अत्यधिक बहुमतको सरकार हुँदा पेस गरेका नीति, कार्यक्रम र बजेटले दिन्छ । त्यसमा समाजवादको कुरै नगरौँ, एउटा समाजसुधारक पार्टीले दिने जनपक्षीय कार्यक्रमसमेत देखिँदैन । नेपालजस्तो देशमा दशकौँदेखि विवादमा रहेको भूस्वामित्वसम्बन्धी समस्यालाई जस्ताको तस्तै छोडिदिएको छ । जमिनको अवस्था अस्तव्यस्त छ । कृषि उत्पादनका क्षेत्रमा कुनै नयाँ कार्यक्रम छैन । दलाल पुँजीलाई राष्ट्रियकरण गर्नुको सट्टा उद्योगका क्षेत्रमा भारतसँग बिप्पा भएपछि अर्थतन्त्रमा दलाल पुँजीवादको दबदबा मौलाएको छ । निजीकरणको बाढी चारैतिर उर्लिरहेको छ । देशका नदीनाला थप बेचबिखनमा परेका छन् (कर्णाली, अरुण, मर्स्याङ्दी आदि) । भ्रष्टाचार र तस्करी असीमित प्रकारले फैलिएको छ । देश नै माफियाहरूको हातमा पुगेको छ । राज्यमा मजदुर–किसान वर्गको प्रतिनिधित्व नै शून्य छ । उत्पीडित जाति, समुदाय, महिलालाई मूलप्रवाहबाट विभिन्न बहानामा तीर लगाइँदैछ । सांस्कृतिक क्षेत्र पूरै छाडा, अराजक, अश्लील बन्दै गएको छ । पुँजीवादमा समेत अस्वाभाविक बन्दै गएको वेश्यालय खोल्ने प्रस्ताव केपी–प्रचण्डका मान्छेहरू खुलेआम गर्दै हिँडेका छन् । सामाजिक असुरक्षा र अराजकता चरमचुलीमा पुगेको छ । महिलामाथि बलात्कार, बोक्सी, कुटपिट अकथनीय प्रकारले बढेको छ । गोर्खा भर्तीलाई नयाँ विस्तार गरेर महिलासम्म पुऱ्याइँदैछ । शिक्षा–स्वास्थ्यमा निजीकरण र व्यापारीकरण उनीहरूकै नेतृत्वमा मौलाएको छ । यी विषय नै वास्तवमा 'सामाजिक दलाल पुँजीवाद' का सक्कली रूप हुन् ।

के निश्चित हो भने नेपाली क्रान्ति र क्रान्तिकारीहरूसामु ' सामाजिक दलाल पुँजीवाद' को चुनौती थपिएको छ । कम्युनिस्ट आन्दोलनका कैयौँ अनुभवहरूलाई प्रतिक्रियावादी सत्ताका रैथानेहरूसँग मिसाएर अपराधका हथकण्डाहरू मच्चाउने सम्भावना रहन्छ । नेपाली समाजको निम्नपुँजीवादी बाहुल्य र दलाल मनोवृत्तिमाथि भ्रम खडा गर्ने, जनतालाई अन्योलमा पार्ने, दमनका अनेकौँ तानाबाना तयार गर्ने र क्रान्तिमाथि दमन गर्ने सम्भावना हुन्छ तर यो सबै षड्यन्त्र असाध्य भने रहनेछैन । यो प्रचण्डहरूको नयाँ अनुहारमा प्रकट भए पनि यो इतिहासमा सडिसकेको र आफ्नो स्थान समाप्त पारिसकेको दलाल पुँजीवाद र वैचारिक–राजनीतिक प्रतिस्पर्दामा औचित्य गुमाइसकेको बर्नस्टिन–ख्रुस्चोभी संशोधनवादकै नयाँ र नेपाली संस्करण मात्र भएकाले जनताले निकै हदसम्म बुझिसकेका छन् भने हाम्रो सचेत पहलमा छिट्टै शक्तिहीन भएर जाने अवस्था छ ।

वैज्ञानिक समाजवादले जस्तो सामाजिक व्यवस्था र मानवसभ्यताको परिकल्पना गरेको छ त्यसलाई खण्डन गर्ने अर्को उत्तम सिद्धान्त र विचार नै उपलब्ध हुनसकेको छैन । आमजनतामा नै वैज्ञानिक समाजवादी राज्यव्यवस्था लोकप्रिय छ । उनीहरूको चाहना समाजवाद आइदिए हुन्थ्यो भन्ने छ । यी तथ्यहरूले स्पष्ट गर्दछन् 'सामाजिक दलाल पुँजीवादी समाजवाद' को न लामो प्रभाव रहनेछ, न त स्वतन्त्र भविष्य नै बाँकी रहनेछ ।

# सुकुमबासी बस्ती हटाउन नगरपालिकाको उर्दी

**झापा** : झापाको मेचीनगर ६ साठीबिघा गोसखानामा अवस्थित सुकुमबासी बस्ती हटाउन नगरपालिकाले उर्दी जारी गरेपछि जिल्ला जनपरिषद् नेपाल झापाले बस्ती हटाइए जनकारबाही गर्ने चेतावनी दिएको छ । जिल्ला जनपरिषद् नेपाल झापाका प्रमुख दीपकले वैशाख २९ गते विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएका हुन् । गत पुसमा आगलागीबाट उक्त बस्ती ध्वस्त भएको थियो । त्यतिबेलादेखि नै पीडितहरूले पटकपटक क्षतिपूर्ति माग गरे पनि नपाएको पीडितहरूले बताएका छन् ।

उनको विज्ञप्तिमा भनिएको छ, 'यतिबेला देश गम्भीर सङ्कटको घडिमा परिरहेको हामी सबैलाई थाहा छ । दुई तिहाइको कथित केपी नेतृत्वको सरकार यतिबेला चरम भ्रष्टाचारमा डुबेको र स्वयम् सरकारकै मन्त्री तथा नेताहरूले देशभर जग्गा हडप्नेदेखि लिएर चरम भ्रष्टाचार गर्ने, देशभरका सुकुमबासी बस्तीहरूमा हस्तक्षेप गर्दै कतै आगजनी त कतै डोजर लगाउने गरेको कुरा सबै नेपाली जनतालाई अवगत छ । हामी यतिबेला नेपाली जनताको हकअधिकारको सुनिश्चित गर्न र नयाँ वैज्ञानिक समाजवाद ल्याउनको निमित्त जनताका माझमा सङ्घर्षरत रहेको कुरा यहाँहरू सबैलाई थाहा छ । झापा जिल्ला मेचीनगर नगरपालिका ६ साठीबिघास्थित गोसखानामा रहेको सुकुमबासी बस्ती ०७५ पुसमा शङ्कास्पद ढङ्गले आगजनीबाट ध्वस्त भएपछि सम्बन्धित पक्षलाई छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिसहित बसोबासको प्रबन्धन गर्नका निमित्त हामीले सम्बन्धित निकायलाई आग्रह गरेको विदितै छ ।'

'उक्त घटना सामान्य आगलागीको घटना मात्रै नभएर सयौँ नागरिकको जीवनसँग सम्बन्धित परिघटना हो । उक्त घटनाको छानबिन गरी पीडितलाई न्याय तथा क्षतिपूर्ति दिनुको सट्टा यतिका महिनासम्म पीडितहरूलाई बेवास्ता गर्दै छलछाम र षड्यन्त्र गरी भूमाफिया, केही भ्रष्ट जनप्रतिनिधि र तिनका कर्मचारीको योजनामुताबिक सुकुमबासीहरूलाई विस्थापित गर्ने र उक्त ठाउँ आफूअनुकूल उपयोग गर्ने नियतका साथ अगाडि बढेको प्रस्ट छ । हामी दलालहरूको उक्त हर्कत र बस्ती खाली गर्न नगरपालिकाले जारी गरेको उर्दीको कडा शब्दमा निन्दा गर्दै खारेजी गर्दछौँ', विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी विज्ञप्तिमा अगाडि भनिएको छ, 'हामी नागरिकको आधारभूत आवश्यकतासमेत नामेट पार्ने गरी यस सुकुमबासी बस्तीलाई विस्थापित नगर्न, घरटहरा नहटाउन र हटाउने परे सर्वपक्षीय छलफलद्वारा पीडितहरूसमेतको सहभागितामा उचित वैकल्पिक व्यवस्थाको ग्यारेन्टी गरी पीडितहरूलाई पूर्ण क्षतिपूर्ति दिएर मात्रै समस्याको समाधान गर्न आग्रह गर्दछौँ । अन्यथा जबर्जस्ती बस्ती हटाउने प्रयत्न गरिएमा भ्रष्ट जनप्रतिनिधि, भूमाफिया, दलाल, टोले गुन्डालगायत विरोधी तत्वहरूलाई छानीछानी जनकारबाही गरिने चेतावनीसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौँ ।'

समय समीक्षा

# जोसुकैले कहाँ सक्छन् अन्धकारभित्र रातो सूर्योदय नियाल्न !



अशोक सुवेदी

उल्टो घुमेको इतिहासको रथको पाङ्ग्रा लिकमा ल्याउन निरन्तर विद्रोह, युद्ध र क्रान्तिहरू हुने गरेका छन् । कार्ल मार्क्सको शब्दमा आजसम्मको मानवजातिको इतिहास वर्गसङ्घर्षको इतिहास हो । त्यसैले मानवजातिको मुक्तिको नयाँ इतिहास निर्माण गर्न वर्गसङ्घर्षहरू निरन्तर भइरहनुपर्छ । नयाँनयाँ सङ्घर्षहरू निर्माण गर्दै त्यसैमा हेलिनुपर्छ । नयाँ बाटाहरू निर्माण गर्दा काँडाले घोच्छ । ढुङ्गामा ठक्कर लाग्छ । लडिन्छ । शरीर रक्तमुछेल हुनसक्छ । तर तिनै यात्रीहरूले उद्देश्यपूर्ण यात्रा पार गर्न सक्छन् जो निरन्तर आशावादी भएर कठिन यात्रामा हिँडिरहने आँट, हिम्मत गर्छन् र हिँडिरहन्छन् । झन्डै पौने दुई शताब्दीअघि महान् दार्शनिक कार्ल मार्क्सले यही अवस्थालाई ध्यानमा राख्दै आफ्नो विचार 'जीवन लक्ष्य' शीर्षकको कविताका माध्यमद्वारा यसरी अघि सारेका थिए-

कठिनाइहरूदेखि रुने जीवन
मेरा लागि होइन
होइन, मेरो आँधीजस्तो मनलाई
यो स्वीकार्य छैन ।
मलाई त एउटा महान् र उँचो लक्ष्य चाहिन्छ
त्यसका लागि आजीवन सङ्घर्षको अटुट
सिलसिला चाहिन्छ ।

हो, त्यही अटुट सिलसिलाले कार्ल मार्क्सलाई विश्व-सर्वहारावर्गका नेता र विचारक बनायो । सफल बनायो । संसारकै अर्बौं श्रमिक सर्वहारावर्गको आशा र मुक्तिको मार्गदर्शक बनायो । दुई सय वर्ष पुग्न लाग्दा आज झन्झन् कार्ल मार्क्सका विचारहरू उदीयमान सूर्यझैँ प्रिय छन् ।

नेकपाका महासचिवसमेत रहेका मार्क्सवादी स्रष्टा विप्लवले यो साता एउटा कविता लेखे । नयाँ यथार्थ प्रतिबिम्बित गर्ने उनको कविताको शीर्षक छ 'सूर्योदय नियाल्दै ।' एकखाले कुखुराहरू भुइँ खोस्रिरहेका छन् र सङ्घर्षको मैदानबाट भाग्दै क्रान्ति असम्भव भन्दै बर्बराउँदै क्रान्तिकारीहरूलाई जेल र नेलको उपहार दिइरहेका छन् । सिङ्गो समाजलाई निराशामा धकेल्दै गरेका कूपमण्डुकहरूका दयापूर्ण क्रियाकलापहरू देखेर आकाशमा फन्को मारिरहेको चिलझैँ देखिने विप्लव टीठ मान्छन् । उनी भन्छन्-

हामी पहाडको टुप्पोबाट पूर्वको सूर्योदय नियालिरहेका छौँ
केही पलमै सुनौला देखिए अग्ला हिमचुचुराहरू
हराभरा देखियो तराईको फाँट
निर्भीक, स्वच्छ र हरियाली छ पहाड
अब कुनै काला धर्साहरू बाँकी छैनन् आँखाअगाडि
छ्याङ्ग खुलेको छ क्षितिज

एउटै समाजका कोही क्रान्ति असम्भव देखेर, क्रान्ति भन्ने शब्द सुन्नासाथ बौलाहा कुकुर पानी देखेर भागेझैँ भाग्ने र कोही त्यही समाजको असमानताका बीच क्रान्ति र विजय अवश्यम्भावी देख्ने अवस्था हो यो । अर्थात् रातारात वर्ग बदलेका र नायकबाट रातारात खलनायक बनेका पूर्वकमान्डरहरूले धरतीबाट असमानता नामेट पार्न आफैँ बल्नुपर्छ भन्ने आदर्श अन्त्य गरेर सपना देख्ने देशभक्त क्रान्तिकारीहरूलाई देशद्रोही भन्दै जेलमा कोचिरहेको समयमा विप्लवले ती व्यभिचारीहरूको सत्ता ढल्दै गरेको र न्यायप्रेमी, क्रान्तिकारीहरूको सत्ता उदाउँदै गरेको प्रस्ट सङ्केत गरेका छन् । सम्पूर्ण देशभक्त र क्रान्तिकारीहरूलाई कम्युनिस्टले निर्माण गर्ने आदर्श समाज साम्यवादको सूर्योदय निकट भविष्यमै रहेको र त्यो पहाडको टाकुराबाट देखिइरहेको सन्दर्भ कविताका माध्यमबाट यसरी उल्लेख गरेका छन्-

कस्तो अनौठो, वैभवका अहंकार पाक्ने सिसमहलहरूमा आलस्य छाएको छ
हामी नै हौँ सर्वश्रेष्ठ भनेर दम्भ भर्ने मालिकहरू निम्छरा देखिन्छन्
हरदम संसद्मा रबाफ छाँट्ने नेताहरू रङ हराएका छेपाराजस्ता लाग्छन्
प्रस्ट देखिन्छन् निभ्दै गरेका दरबारहरूका रङ्गीबिरङ्गी बत्तीहरू
कुनै रौनक छैन ग्यालरीहरूमा

एकातिर शासकहरू गद्दीमा, सुखसयलमा, हतियारहरूका बीचमा, रामरौस र धनको चाङमा भएर पनि शोकाइरहेको, डराइरहेको, रोगाइरहेको अवस्था, अर्कातिर क्रान्तिकारीहरू भोक, अभाव, जेल, हिरासत, जङ्गल र प्रतिबन्धित भएर पनि उदाउँदो सूर्य देखिरहेको अवस्था वर्तमानको तीक्ष्ण यथार्थ हो र नयाँ यथार्थ हो । यो नयाँ यथार्थ एकाएक आफैँ निर्माण भएको होइन । एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा र नयाँ क्रान्तिले निर्माण गरेको हो । उनी भन्छन्-

सूर्योदयसँगै देखिन्छन् यावत् यथार्थहरू
ओहो ! बास नभएका, गाँस नपाएका र दबिएका अनुहारहरूमा यस्तो चमक !
भट्टीमा टाक्सिएर खपेटा परेका मान्छेका आँखामा धपधपाउँदो तेज !
पुरुषभन्दा अघिअघि लम्किरहेका छन् त नारीहरू
के अब समय बदलिएको हो वा बदलिँदैछ ?
एकदमै नयाँ हलचल देखापरिरहेको छ त !

हो, अहिले नयाँ यथार्थ, नयाँ हलचल देखिइरहेको छ समाजमा । सत्ताले किचेकाहरू, दबाएकाहरू, न्याँकिएका र हेपिएकाहरू आततायी सत्तालाई चुनौती दिँदै क्रान्तिको रातो बाटोमा अघि बढिरहेको, उदाउँदो सूर्यको जस्तो अवस्था छ भने नक्कली/खोटो सिक्कालाई सक्कली भन्दै गोयबल्सका चेला बनेकाहरू दैनिक धर्मराउँदै, खस्किँदै, भयग्रस्त मनोग्रन्थीले पग्लिँदै, खिइँदै र सकिँदै गएको अवस्था छ । मानिस भोलि बिहान हुन्छ, उज्यालो हुन्छ, अन्धकार समाप्त हुन्छ भन्ने आशा र विश्वासले अन्धकार रात बिताउन सहजै तयार हुन्छ र अँध्यारोसँग प्रतिरोध गरिरहन्छ । कालरात्रीका विरुद्ध सङ्घर्ष गरेपछि बिहान नभएको, सूर्योदय नभएको र रात मात्र रहिरहेको इतिहास कहीँ छैन । यही अवस्थालाई दर्साउँदै विप्लव भन्छन्-

हो त अँध्यारोको रजाइँ धेरै चल्ने कहाँ हो र !
कुनै नशामा उर्लिएको जोस कति टिक्छ
कसरी टिक्छ अर्काको श्रममा उम्लिएको उन्माद ?
केही दुर्घटनाहरूको आतङ्कमा विज्ञानको यात्रा रोकिने भइदिएको भए
इतिहासको पाङ्ग्रो आज पनि पाषाण युगमै गुडिरहेको हुन्थ्यो
पृथ्वी जति घुम्छ, समय जति चल्छ, सत्य खुल्दै जान्छ
आउ मित्र तृप्त हुँदासम्म आनन्द लिऊँ र रमाऊँ सत्यको यात्रामा

यो युगको आवाज हो । यो क्रान्तिकारी आशावादको दस्तावेज हो । घोषणापत्र हो ।

सत्ताको क्रूर चरित्र बदलिएको छैन । हाल झूट्टा मुद्दा लगाएर सरकारले अन्यायपूर्वक जेलमा सडाएका नेकपाका स्थायी समिति सदस्य एवम् जनयुद्धका मार्क्सवादी स्रष्टा हेमन्तप्रकाश ओली 'सुदर्शन' ठीक दुई दशकअघि पनि अर्को अत्याचारी शासकको जेलमा थिए । उनले त्यतिबेला जेलबसाइको समयमा लेखेको 'कारावासभित्रका दिनचर्याहरू' जेल संस्मरणमा लेखेका केही पङ्क्ति आज पनि उत्तिकै सान्दर्भिक छन् । उनले त्यतिबेला जेलको चिसो छिँडीभित्रबाट लेखेका थिए-

'अन्यायीहरूको देशमा असल मानिसहरूको वस्ने ठाउँ भनेको झ्यालखाना हो ।'

हाम्रो जीवनमा पनि यो पुस्टि भएको छ । यस जेलको हामी बस्ने कोठाका दुईवटा झ्यालहरू पूर्वतिर फर्केका छन् । क्षितिजमा मालिका पर्वतको छेउ पर्दछ । एकाबिहानै सूर्यका लालकिरणहरू बुकीमा छरिन्छन् । म सानो छँदा हाम्रो घरबाट उत्तरमा सामुन्ने देखिने सिस्ने हिमालयमा पल्लोपट्टि के होला भनेर प्रश्न गर्थें । यो जेलबाट देखिने त्यो बुकीपारि कुन ठाउँ छ होला, अहिले पनि त्यस्तै कल्पना गर्दछु ।

पीबी सेलीले एउटा कवितामा भनेका छन्-

ए बतास
अहिले हिउँद छ भन्दैमा
के वसन्त टाढा छ र ?

के हामीलाई पनि अहिले बतासले चार पर्खालभित्र थुन्यो भन्दैमा वसन्त कहिल्यै आउँदैन भन्ने ठानेको छ ? त्यसो भए ऊ प्रगतिविरोधी सरासर छ ।

ए, प्रसङ्ग अन्तै जान थालेछ । म आज काराबासको दिनचर्याका बारेमा लेख्न थालेको छु । आजभोलि विहान ६ बजे जेलको कोठाको ताल्चा खुल्छ । हामी नृत्यकर्मपछि आधा घन्टा शारीरिक व्यायाम गर्दछौँ । शारीरिक व्यायामले एक प्रकारको स्वच्छन्दता र आनन्द प्रदान गर्दछ । त्यसपछि बिहानको समाचार रेडियोमा सुन्ने गर्दछौँ । म पढ्ने र पढाउने काम गर्दछु । साँझ ७ बजे ढोकाको ताला बन्द हुन्छ । समाचार सुनेपछि केही कथा-कहानी सुन्ने र सुनाउने काम हुन्छ । कहिलेकहीँ समसामयिक विषयमा छलफल पनि चल्ने गर्छ । यसरी दुई महिनादेखि यस जेलमा हाम्रो दिनचर्याको सूर्य उदाउने र अस्ताउने गरेको छ ।

२०५६ जेठ ३ गते, बाजुरा जेल

हो, आज पनि कयौँ कमरेडहरू, कयौँ क्रान्तिकारीहरू, देशभक्तहरू झूट्टा मुद्दामा दुस्मनका कालकोठरीहरूमा कैद छन् । तर मूर्ख शासकहरू कुखुराझैँ भुइँ खोस्रेर आफ्नो दिनगन्ती गरिरहेका छन् भने क्रान्तिकारीहरू जेलभित्रैबाट पूर्वबाट निकट भविष्यमै हुने सूर्योदय नियालिरहेका छन् ।

यस्तै उज्यालो सूर्योदय हेर्ने प्रयत्न गर्दागर्दै र रातो सूर्य जन्माउने प्रक्रियामा लामबद्ध हुँदाहुँदै कृष्ण सेन 'इच्छुक' ले बलिदानको बाटो रोजे तर कायर शासकहरूसँग कत्ति झुकेनन् । उनले यस्तै कालकोठरी भद्रगोल जेलमा बसेको समयमा जेलबाट दक्षिणतिर देखिने अटल चन्द्रागिरि पर्वतमालालाई क्रान्तिको बिम्बका रूपमा सम्बोधन गर्दै आशावादी सिर्जना गरेका थिए-

हाम्रो कल्पवृक्ष उम्रने यो उर्वर माटोमा
विषवृक्षहरू उम्रिरहेको देखेर
हामी मेलापात गर्ने हाम्रा बनजङ्गलहरूमा
हरिया सर्पहरू लुकिरहेको देखेर
नतर्स मेरा प्रियजनहरू !
हामीले कल्पवृक्ष पनि त रोपिरहेका छौँ
सर्पहरू काला हुन् वा सेता हुन्
सर्पहरू नीला हुन् वा पहेँला हुन्
सर्प नै हुन्
एक न एक दिन ती
विषालु सर्प विषहीन पारिनेछन्
समय आफ्नोअनुकूल पनि हुँदैन
समय आफैँ प्रतिकूल पनि हुँदैन
गतिवान् समयको
चिन्ता नगर मेरा प्रियजनहरू !
सधैँ समयको गतिलाई पक्र
एक न एक दिन
हाम्रा आशाका सुन्दर गुराँसहरू फुल्नेछन् ।

हो सधैँ रातहरू मात्र रहँदैनन्, नयाँ आशाका किरणहरू बोकेर लालिमासहितका सूर्यहरू पनि उदाउँछन् । तिनै सूर्यहरू उदाउने महान् सपना जोकोहीले देख्न सक्तैनन् । त्यसका लागि हृदयभरि क्रान्तिकारी आशावाद बोकेका मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ र विप्लवहरू हुनुहुपर्छ ।

माओले 'चिङकाङसानमा फेरि चढ्दा' शीर्षक कविता भनेका थिए-

बादल छुने मेरो पुरानो चाहना थियो
र म फेरि चढेँ चिङकाङसान ।
हाम्रो पुरानो किल्ला हेर्न
आएको छु धेरै टाढाबाट ।
पुरानो दृश्यलाई फेरेछन् नयाँ परिवेशहरूले
जहाँतहीँ कोइली गाइरहेछन्, भँगेरा कराइरहेछन्
कलकलाइरहेछन् खोलानालाहरू
र बाटो पहाड हुँदै आकासिँदैछ
एकपटक हुआयाङ्ची कटेपछि
छैनन् कतै अप्ठ्यारा चुनौतीहरू ।

हुरी र बतास मच्चिरहेछ
जहाँ छन् मान्छेहरू
झन्डा र ब्यानरहरू फहराइरहेछन् ।

चुट्कीमै बित्यो अठ्तीस वर्ष
अब हामी नवौँ आकाशको चन्द्रमा पनि छुन सक्छौँ
सात समुद्र गहिराइको कछुवा पनि समात्न सक्छौँ
विजयको गीत र उल्लास बोकेर फर्केका छौँ हामी ।
असम्भव भन्ने छैन संसारमा केही
उचाइलाई नाप्ने साहस छ भने ।

नयाँ वेग लिएर अघि बढेको आँधीहुरी नै पहाडहरुमा ठोक्किने गर्छ । समुद्रका विशाल छालहरु तरङ्गिँदैतरङ्गिँदै र लहरिँदैलहरिँदै उच्च बन्छन् र फोहोरमैला बढार्छन् । क्रान्तिको डढेलोले सुकेको पत्करको सहारा लिएर सम्पूर्ण झिँजामिजाहरु न्ष्ट पारिदिन्छ । महान् लेनिनका ' त्यो एउटा आँधीमय वर्ष'

शीर्षक कविताका केही पङ्क्तिहरुले पनि निकट भविष्यमै हुन लागेको सूर्योदयको सङ्केत गरेका थिए-

त्यो एउटा आँधीमय वर्ष
सारा देशलाई आफ्नो चपेटामा लियो आँधीले
बादल फाट्यो र हामीमाथि बर्सियो तुफान
अनि असिना र चट्याङ
घाउ मुख बाउँदै रह्यो खेत, खलिहान र बस्तीमा
चोटमाथि चोट दिँदै ।
बिजुली चम्किन थाल्यो, खुँखार भएर उठ्यो चम्काइ त्यो
निष्ठुर ताप जल्न थाल्यो, छातीमा पऱ्यो ढुङ्गाको भार ।
र आगोका झिल्काहरूले झलमल पारिदयो
नक्षत्रहीन अँधेरी रातको शून्यतालाई ।
… … …
ए जुडासका गिरोहहरू !

अरे ओ जनता, तिमीहरू आफ्नो अन्तिम सर्ट खोल
छिटो-छिटो ! खोल !
आफ्नो बचेखुचेको पैसा खर्च गरी रक्सी पिए
जारको सानका लागि माटोमा पुरिएर मर !
पहिलेजस्तै भारी बोक्ने पशु बन !
सधैँका गुलामहरू, रुमालको कुनाले आँसु पुछ
र धर्तीमा टाउको ठोक !
विश्वसनीय सुखी
मृत्युपर्यन्त जारलाई ज्यानभन्दा प्यारा छन् जनता
सबै सहँदै जाऊ, सबै कुरा मान्दै जाऊ पहिलेजस्तै
गोली ! चाबुक ! चोट देऊ !
……..
सताउनु, उफार्नु
चाबुक, फाँसीको तख्ताको नास होस् !
मुक्त मान्छेहरूको लडाइँ, तिमी तुफानजस्तै पागल बन !
फटाहाहरू नष्ट हुनेछौ !

आऊ जरैदेखि उखेलौँ
तानाशाहको शक्तिलाई !
मुक्तिका लागि मृत्यु सम्मानयोग्य छ
जन्जिरमा बाँधिएको जीवन लाजमर्दो हो ।

आऊ गुलामीलाई खत्तम पारौँ
खत्तम पारौँ गुलामीको लाजलाई
हे मुक्ति
तिमी हामीलाई संसार र स्वतन्त्रता देऊ ॥

अब हामीले पनि सम्पूर्ण उत्पीडित र शोषितहरुलाई अन्तिमपटक एकफेर आह्वान गर्नुछ यो गुलामीलाई खतम पार्न र रक्ति सूर्योदयको लाली नियाल्न क्रान्तिमा लामबद्ध बनौँ । पेरिस कम्युनका योद्धा, अन्तर्राष्ट्रिय गीतका सर्जक एवम् क्रान्तिकारी मार्क्सवादी स्रष्टा युजिन पोत्तरले पेरिस कम्युनलाई प्रतिक्रियावादी सत्ताले बर्बरता र क्रूरतापूर्वक ध्वस्त गरेको १५ वर्षपछि क्रान्तिप्रति आफ्नो उद्गार र भावना पोख्दै १८८६ मा लेखेको यो कविताका साथ यो समयसमीक्षा अन्त्य गर्ने अनुमति माग्छु-

दुस्मनहरूले राइफल सोझ्याएर उसको हत्या गरे
मेसिनगन चलाएर उसको हत्या गरे
र उसलाई रातो झन्डासितै
जमिनमा घिसारे, लतारे
र अथुराएका जल्लादहरूको भीडले
आफूलाई निकै सर्वशक्तिमान ठान्यो
तर त्यसले कुनै पात पनि हल्लाउन सकेन
यसकारण कि निकोलस
कम्युन मरेको छैन
जसरी खेतीवालाले बाली उठाएर खेत खाली पार्दछन्
जसरी रूखबाट स्याउहरू भुइँमा झर्दछन्
भर्ससाईको नरसंहार
सयौँ-हजारौँ मान्छेहरूको नरसंहार
सयौँ-हजारौँ मान्छेहरूको बर्बर हत्या गरेर
खोइ त तिनले के लछारपाटो लाए ?
आखिर त्यसले कुनै परिवर्तन त भएन
निकोलस
यसकारण कि कम्युन मरेको छैन
ठीक हो उनीहरूले हत्या गरे बर्लिनको
फ्लोरेनको, डुभलको, मिलिरेको,
फेरीको, रिगौको, टोनी मोलिनको
र भरे धमाधम चिहानहरू
हत्याराहरूले सोचे
हामीले उसको हात नै काटिदियौँ
हामीले उसको रगतको मूल नै बन्द गरिदियौँ
तर यी सब कुराले केही पनि त परिवर्तन भएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
उनीहरूले डाँकाले जस्तै आक्रमण गरे
चुपचाप उनीहरूले अस्पतालको बेडबाट
थुतेर घाइतेहरूको हत्या गरे
बेडको रक्ताम्मे च्यादरबाट बगिरहेको रगत
ढोकामुनि समेत बग्यो
तर यसले खोइ कुनै परिवर्तन ल्याएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
बेचिएका पत्रकारहरूले
बदनाम व्यापारीहरूले
हाम्रो सामूहिक चिहानप्रति
आफ्ना अनेक लाञ्छना, आरोप
र आक्षेपका विष फिँजाए
मेक्सिम डुक्याम्प, डुमासले आफ्नो जाँडरक्सी ओकले
तर त्यसले कुनै हेरफेर ल्याएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
दमोक्लिजको तलबार
उनीहरूका शिरमाथि झुन्डिरहेको छ
भेलिजको शवयात्रामा
उनीहरूलाई चुप बनाइएको थियो
यसकारण कि हामी त्यहाँ पङ्क्तिबद्ध थियौँ
उसलाई सुरक्षा दिन खटिएका असङ्ख्य योद्धाहरू
यसले हरहालतमा यही कुराको प्रमाणित गर्दछ
निलोलस,
यसकारण कि कम्युन मरेको छैन
यी सब चीजले योद्धाहरूलाई यही कुराको प्रमाण दिन्छ
मरियनाको छाला तङ्ग्रिएको छ
उनी युद्धका लागि तयार छिन्
यो अब गगनभेदी स्वरमा नारा घन्काउने बेला हो
कम्युन जिन्दावाद
यसले सबै जुदाजहरूलाई छर्लङ्ग पार्दछ
सब चीज कस्तो छ
छिटै नै उनीहरूलाई थाहा हुनेछ
हरे ! कम्युन त मरेको छैन ।

---

## जेल सिर्जना

### हामी तपाईंहरूसँगै मैदानमा छौँ



हेमन्तप्रकाश ओली 'सुदर्शन'

प्यारा-प्यारा कप्तानहरू
प्रिय-प्रिय कमरेडहरू
ओ ! हाम्रो जमानाका चरित्रनायकहरू
ए ! इतिहासका निर्माताहरू
इतिहासको फैसला पूरा गर्न
तेह्र फरवरीमा हामीले
काँधमा काँध मिलायौँ
हातमा हात मिलायौँ
र निशाचरका विरुद्ध ब्रह्मास्त्र चलायौँ
लालध्वजा फहराउँदै अघि बढ्यौँ
दुनियाँलाई सुनाउँदै विगुल बजायौँ
निरन्तर विकट पहाडमा उक्लँदै थियौँ
निर्मम वर्गसङ्घर्षका क्रममा विछोड भयौँ
हाम्रो मोर्चा बदलियो
हामी पर्खालभित्र र बाहिर भयौँ
आज त्यो ब्रह्मास्त्रको
निरन्तर भव्य र गुणात्मक धमका
हामीले पर्खालभित्र पनि सुनिरहेका छौँ
र तपाईंहरूसँगै रणभूमिमा छौँ
त्यो विद्रोहको लालपताका
झन्झन् जनलहरका बीचमा फहराइरहेका दृश्य
सिमेन्टेड पर्खालले रोक्न सकेको छैन
हामी तपाईंहरूसँगै रमाएका छौँ
अनि हामी तपाईंहरूसँगै
सिस्ने, जलजला हिमाल र शैलुङका
लेकहरूमा हिँडिरहेका छौँ
उपत्यका र तराईका बस्तीहरूमा पुगिरहेका छौँ
वीर कमान्डर सुरेश वाग्लेहरू ढल्दा
हामी तपाईंहरूसँगै शोकसभामा उभिएका छौँ ।
भावविह्वल हुँदै फेरि शक्तिमा बदलिएका छौँ
हजारौँ आमा, दिदी-बहिनीहरूको अस्मिता लुटिँदा
हामी क्रोधले सल्किरहेका छौँ
हो, हामी तपाईंहरूसँगै रणमैदानमा छौँ
प्यारा-प्यारा कप्तानहरू
प्रिय-प्रिय कमरेडहरू
ओ ! हाम्रो जमानाका चरित्रनायकहरू
ए ! इतिहासका निर्माताहरू
ब्रह्मास्त्रको निरन्तर प्रहारले
धर्ती कम्पायमान छ
यस्तो बेला हाम्रै क्याम्पमा पनि कम्पन हुन सक्छ
ब्रह्मास्त्र चलाइरहेका अर्जुनहरूलाई रोक्न
तथाकथित आदर्शका झन्डा बोकेर
पापी कृष्णहरू जन्मन सक्छन्
अत्यन्त सतर्कतापूर्वक अघि बढ्नुहोस्
आफ्ना वीर कमान्डर सुरेश बाग्ले र हजारौँ सहिदहरूको
सुन्दर सपना कहिल्यै नबिर्सनुहोस्
हामी भिन्न मोर्चामा र एउटै उद्देश्यको सङ्घर्षमा
प्राणको ढुकढुकी रहेसम्म
तपाईंहरूकै न्यानो अँगालोमा हुनेछौँ
मस्तिष्कको दूरदर्शनमा
तपाईंहरूकै ओजस्वी, बहादुर, निर्मम र स्निग्ध अनुहारहरू
हृदयमा कोरिरहनेछौँ
स्वीकार्नुहोस् हाम्रो न्यानो अभिवादन
हामी तपाईंहरूसँगै मैदानमा छौँ ।

२८ कात्तिक २०५६, बाजुरा जेल

*(कवि सुदर्शन २० वर्षपछि अहिले फेरि नक्खु कारागारमा बन्दी हुनुहुन्छ ।)*

# दाहालको वैवाहिक वर्षगाँठ एनसेल व्यवसायीको भव्य बङ्गलामा

■ रातो खबर संवाददाता/काठमाडौं

सत्तारूढ नेकपाका दोस्रा अध्यक्ष प्रचण्डले विवाहको ५० औं वर्षगाँठ एनसेल लाभकर प्रकरणसँग जोडिएका निरजगोविन्द श्रेष्ठको भव्य बङ्गलामा मनाएका छन् । सीतासँग वैवाहिक बन्धनमा बाँधिएको ५० वर्ष पुगेको उपलक्ष्यमा दाहालले वैशाख २६ गते भव्य भोजसहितको कार्यक्रम आयोजना गरेका थिए । व्यापारी श्रेष्ठ एनसेलले सरकारलाई बुझाउन बाँकी ३१ अर्ब रुपैयाँभन्दा बढी पुँजीगत लाभकरसँग जोडिएका छन् । श्रेष्ठको सुनाकोटी (ललितपुर) स्थित १८ रोपनीमा फैलिएको निवास परिसरमा दाहालले ५० औं वैवाहिक वर्षगाँठ मनाइरहँदा एनसेलको लाभकर र सत्तारूढ दलका अध्यक्षबीचको यो साइनोबारे सहभागीले आपसमा चर्चा गरेका थिए । राज्यलाई कर नतिरेको भन्दै जनस्तरबाट बहिष्कार अभियान सुरु गरिएको एनसेलले सत्तारूढ नेकपाको पार्टी कार्यालयमै आफ्नो बोर्ड झुन्ड्याएको छ । त्यो पनि सहिद ऋषि स्मृति भवनमा ।

सुर्खेतस्थित सरकारी नेकपाको पार्टी कार्यालयको बोर्डसँगै एनसेलको पनि विज्ञापन बोर्ड राखिएको छ । झट्ट हेर्दा एनसेलको कार्यालयजस्तो देखिए पनि यो सत्तारुढ नेकपाको सुर्खेत जिल्ला कार्यालय हो । त्यहाँ फोन नम्बर पनि राखिएको छ । त्यो फोन एनसेलको हो जस्तै देखिन्छ । तर सरकारी नेकपाको हो ।

माथि सरकारी नेकपाको चुनाव चिन्ह र हँसियाहथौडा छ । त्यसैसँगै जोडेर एनसेलको बोर्ड छ । सडक वा बजारमा एनसेलको बोर्ड राखिएको भए विज्ञापन हो भनेर बुझिने थियो तर पार्टी कार्यालय, त्यो पनि मूल बोर्डसँगै एनसेलको बोर्ड राखिएको छ । यो पनि विज्ञापनै हुन सक्छ । यसबारे सरकारी नेकपाको सुर्खेत कार्यालयले मुख खोलेको छैन । एनसेलले कर तिर्दिनँ भनेर अदालतले फैसला गर्दा पनि पुनः अदालत पुगेर कर असुली प्रक्रियालाई रोकेको छ । यसको पछाडि यो र यस्तै बोर्डले काम गरेको हुन सक्ने आशङ्का पैदा भएको छ । सत्तारूढ पार्टीकै कार्यालयमा एनसेलको बोर्ड राखिनु गम्भीर कुरा हो ।

पत्रकार रमेश रावलले उक्त फोटो सामाजिक सञ्जालमा सार्वजनिक गरेसँगै विभिन्न टीकाटिप्पणी सुरु भएका छन् । टिप्पणीकर्ताले सत्तारूढ नेकपालाई एनसेलले किनेको आरोपसमेत लगाएका छन् । मेगराज खड्काले सरकारी नेकपाको पार्टी कार्यालय एनसेलका सचिवालय त होइन भन्दै प्रश्न गरेका छन् । त्यस्तै रतनबहादुर कार्कीले व्यङ्ग्य गर्दै सरकारी नेकपाले एनसेलसँग मितेरी लगाएको बताएका छन् । सुरेन्द्र जोशी नाम गरेका सामाजिक सञ्जाल फेसबुक प्रयोगकर्ताले सरकारी नेकपाको कार्यालय सहिदका नाममा भ्रष्ट र दलालहरूको मोजमस्ती गर्ने भवन भएको लेखेका छन् ।

त्यस्तै वीरेन्द्र ओलीले कम्युनिस्ट पार्टीमा कर्पोरेटमैत्री वातावरण छ भन्ने सन्देश दिन एनसेलको बोर्ड राखिएको उल्लेख गरेका छन् । यी प्रतिनिधि मात्रै हुन्, अधिकांश टिप्पणीकर्ताहरूले सरकारी नेकपा एनसेलको प्रभावमा रहेको, एनसेलले कर छली गर्न पार्टी कार्यालय चलाइदिएको, प्रायोजन गरिएको, नेताहरू खरिद गरेको, नेताहरूललाई पैसा प्रभावमा पारेको उल्लेख गरेका छन् । कर तिराउन चौतर्फी विरोध भइरहेको बेला सत्तारूढ पार्टीको पार्टी कार्यालयमै एनसेलको विज्ञापन बोर्ड राखिएको फोटो सार्वजनिक भएको छ ।

**के हो एनसेल ?**

२०५८ असार ७ गते यो कम्पनी दर्ता भएको थियो । यसको ८० प्रतिशत सेयर होल्ड गर्न सेन्ट किट्स एन्ड नेभिसमा रेनल्ड होल्डिङ स्थापना गरिएको थियो । ४ जुलाई २००१ मा नेभिस बिजनेस कर्पोरेसन अर्डिनेन्स जुन १९८४ मा एनबीसीओअन्तर्गत दर्ता भएको यो कम्पनीसँग प्रतिएक डलर मूल्यका एक लाख एक हजार कित्ता सेयर थियो । रेनल्ड होल्डिङ्सको १०० प्रतिशत सेयर टेलियासोनेरा नर्वे नेपालले होल्ड गर्थ्यो । त्यसको पनि १०० प्रतिशत सेयर नेदरल्यान्डको टेलियासोनेर एसियाले होल्ड गर्थ्यो । त्यसको सेयर दुईवटा कम्पनीमा विभाजित थिए । पहिलो टेलियासोनेरा यूटीए कम्पनी र दोस्रो एसईए टेलिकम इन्भेस्टमेन्ट कम्पनी थियो । टेलियासोनेरा यूटीएसँग टेलियासोनेरा एसियाको ७५.५ तथा एसईए टेलिकम इन्भेस्टमेन्टसँग २४.५ प्रतिशत सेयर थियो । टेलियासोनेरा यूटीए टेलियासोनेराको शतप्रतिशत लगानी भएको कम्पनी हो भने एसईए टेलिकम इन्भेस्टमेन्ट कजाख कम्पनी भाइजर समूहको लगानी भएको कम्पनी हो । भाइजर समूहमार्फत एसईएमा निजी व्यक्तिको लगानी थियो ।

सेन्ट किट्स एन्ड नेभिसमा दर्ता भएको रेनल्ड होल्डिङ्ससँग एनसेलको सय रुपैयाँ दरका १० लाख कित्ता सेयरमध्ये आठ लाख कित्ता सेयर थियो । यो हिसाबमा एनसेलमा टेलियासोनेराको ६०.४ तथा एसईए टेलिकमको १९.६ प्रतिशत सेयर हुन्थ्यो । पुस ६ को विज्ञप्तिअनुसार मलेसियाको एक्जियटाले सोझै एनसेल किन्ने नभई बेलायतको एक्जियटा इन्भेस्टमेन्ट यूके लिमिटेडमार्फत टेलियासोनेरा एसिया होल्डिङ्ससँग एनसेलको ८० प्रतिशत स्वामित्व होल्ड गर्ने टेलियासोनेरा नेपाल नर्वेको सेयर खरिद गर्ने थियो । यसरी कारोबार गर्दा रेनल्ड होल्डिङ्सको स्वामित्व एक्जियटा यूकेमा सरेको छ । प्यारेन्ट कम्पनी किनेपछि एनसेल उसैको हुन्छ । तर यस्तो कारोबार नेपालमा भएन ।

**कसरी ब्रह्मलुट मच्चाएको छ एनसेलले ?**

नेपाल टेलिकम र एनसेलका ट्यारिफ रेटलाई अध्ययन गर्ने हो भने मोबाइल सेवा वा डाटा सेवा दुवैमा लगभग ३ गुना फरक परेको देखिन्छ । नेपाल टेलिकम टु नेपाल टेलिकम र अन्यमा प्रतिकल रु. १ मात्र पर्छ । देशभित्र कुनै पनि स्थानमा यसमा रोमिङ छैन । तर एनसेलबाट एनसेनको प्रतिकल रु. १.९९ छ । अझ एनसेलबाट अन्यमा एकदमै फरक छ । एनसेल टु एनटीसीमा रु. २.५३ लाग्छ । यूटीएलमा रु.२.८३ लाग्छ । साथै एनसेलमा प्रत्येक जिल्ला र अञ्चलमा रोमिङ लगाइएको छ । एनटीसीबाट एनसेल वा एनसेलबाट एनटीसीमा क्रमशः १ करोड ३४ लाख ६२ हजार ९०७ र १ करोड ३४ लाख ३४ हजार ३१ जना ग्राहकहरूले कम्तीमा दिनमा ५ पटक मात्र फोन गरे भने पनि एनटीसीको ट्यारिफ रेटको तुलनामा एनसेलले २ करोड बढी कमाउँछ । यसलाई ब्रह्मलुट नभनेर के भन्ने ? त्यस्तै एनसेलले प्याकेजका नाममा झनै ब्रह्मलुट गरेको छ । उसले एकदिने, सातदिने र एकमहिने (तीसदिने) प्याकेज ल्याएको छ । एकदिने प्याकेजलाई २४ घन्टाभित्र सक्नुपर्छ । अन्यथा कोल्याप्स हुन्छ । यी प्याकेजहरूलाई वैकल्पिक प्रयोगलाई पूर्ण रूपमा बन्देज गरिएको छ । फेसबुक भए भ्वाइस कल हुँदैन । एसएमएस भए अर्को हुँदैन । यसकारण ग्राहकको प्याकेज खरिदको पूर्ण रकम खर्च हुँदैन । त्यसले गर्दा ग्राहकको ठूलो रकम एनसेलले लुट्ने गरेको छ । डाटा चलाउँदा र प्याकेज कोल्याप्सबाट एक दिनमा १० करोडबराबरमा लुट गरेको छ । यसरी एक दिनमा २० करोडबराबरको लुटलाई यहाँका राज्य सञ्चालकले लुकाइदिएका छन् । यिनै कारणले गर्दा एनसेलले महँगो मात्र नभएर ब्रह्मलुट पनि मच्चाएको छ । यसरी ब्रह्मलुट गरेको अकुत पुँजी विदेशी कम्पनीले नेपालबाट लिएर विदेश पुग्छ । नेपाल सरकार, सरकारअन्तर्गतको दूरसञ्चार प्राधिकरणले एनसेललाई नीतिगत भ्रष्टाचारमा प्रोत्साहन गरेकाले उसले गर्न पाएको ब्रह्मलुट, विगतका अर्थमन्त्री रामशरण महत र सूचना तथा सञ्चारमन्त्री मीनेन्द्र रिजालका कारण विदेश पलायन हुन पुगेको नेपाली खर्बौं रुपैयाँलाई जोगाउने जिम्मा नेपाली जनतामा आएको छ । यसलाई कसैले नियन्त्रण वा रोक्ने प्रयत्न गरिराखेका छैनन् । त्यसैले एनसेलजस्ता ब्रह्मलुट गर्ने र नेपाली पुँजी विदेश पलायन गर्ने संस्थाका बारेमा सर्वत्र विरोध हुनु सिम बहिष्कार गर्नु अस्वाभाविक होइन ।

## अखिल (क्रा.) ...

राजनीतिक आस्थाकै आधारमा पक्राउ गरेको भन्दै अखिल (क्रान्तिकारी) ले ढकालको बिनासर्त रिहाइको माग गरेको छ ।

यसैबीच अखिल (क्रान्तिकारी) का कैलाली जिल्ला अध्यक्ष बबर जङ्गबहादुर सिंहलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई शुक्रबार गिरफ्तार गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) पाल्पाका जिल्ला अध्यक्ष मुक्ति गैरेलाई प्रहरीले गिरफ्तार गरेको छ । गैरे पाल्पा तानसेनको शीतलपाटीबाट शुक्रबार पक्राउ परेका हुन् । गैरेलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको प्रहरीले जनाएको छ ।

**अखिल (क्रान्तिकारी) द्वारा सङ्घर्ष घोषणा**

अखिल (क्रान्तिकारी) ले सङ्गठनका अध्यक्ष चिरञ्जीवी ढकालको गिरफ्तारीको विषयलाई लिएर चरणबद्ध सङ्घर्षका कार्यक्रम घोषणा गरेको छ । नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले जेठ ५ गते आम शैक्षिक हडतालको घोषणा गरेको छ । सङ्गठनका उपाध्यक्ष रुद्र भट्टराईले शुक्रबार प्रेसविज्ञप्ति जारी गरेर अध्यक्ष ढकालको रिहाइको लागि सङ्घर्षका कार्यक्रम घोषणा गरेका हुन् । भट्टले वैशाख २९ गते देशभर विरोधसभा, जेठ १ गते विरोध प्रदर्शन, जेठ ४ गते मशाल जुलुस र ५ गते आम शैक्षिक हडतालको घोषणा गरेका हुन् । यसअघि ११ विद्यार्थी सङ्गठनले पनि ढकालको रिहाइका लागि २४ घन्टे अल्टिमेटम दिएका थिए । ढकाललाई रिहा नगरिए देशव्यपी सङ्घर्षका कार्यक्रम घोषणा गर्ने ११ विद्यार्थी सङ्गठनका नेताहरूले संयुक्त विज्ञप्तिमार्फत बताएका छन् । शुक्रबार प्रहरीले पत्रकार सम्मेलनबाटै सङ्गठनका अध्यक्ष चिरञ्जीवी ढकाललाई गिरफ्तार गरेको थियो ।

## नेकपाका कार्यकर्ता ...

गरेको भन्दै घोर भर्त्सना गरेको छ । युवा सङ्गठन राप्ती ब्युरोका इन्चार्ज तिलक योगीले विज्ञप्ति जारी गर्दै आफ्नो नेता-कार्यकर्ताको गिरफ्तारी, धरपकड र दमन देशलाई गृहयुद्धमा धकेल्ने देशीविदेशी प्रतिक्रियावादीको षड्यन्त्र भएको बताएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'देशव्यापी भइरहेको व्यापक संस्थागत भ्रष्टाचार सरकारको असफल र आफ्ना अनगिन्ती काला कर्तुतहरू लुकाउन नेपाली जनताको ध्यान अन्यत्र मोड्ने कुचेष्टा गर्दछन् । जनताको न्यायपूर्ण आन्दोलन सम्बोधन गर्नुको साटो दमनको नीति अख्तियार गरेको छ । यस्तो फासिवादका विरुद्ध हाम्रो सङ्गठन अझ डटेर प्रतिवाद गर्न तम्तयार छ । न्यायपूर्ण आन्दोलनका क्रममा गिरफ्तार सबै नेता तथा कार्यकर्ताहरूलाई यथाशीघ्र रिहा गर्न माग गर्दै देशका सम्पूर्ण देशभक्त, राष्ट्रप्रेमी, बुद्धिजीवी, मानवअधिकारवादी, वामपन्थी शक्ति, लोकतान्त्रिक शक्ति, व्यापारी, वकिल, देशभक्त सुरक्षाकर्मी, कर्मचारी, पत्रकारलगायत आमनेपाली जनतालाई सचेत रहन र अन्यायका विरुद्ध बोल्न र लेख्न विज्ञप्तिमार्फत अपिल गर्दछौं ।'

## प्रतिबन्ध साम्राज्यवादसामु ...

गर्नेबितिक्कै, उनीहरूलाई समाउनेबितिक्कै भैहाल्छ भन्ने सम्झिए र जनयुद्धमा उठाइएका जनताका मागहरूको सम्बोधन गरेनन् । त्यसैले फेरि अर्को विद्रोहको आवश्यकता परेको हो ।'

वार्ताका बारेमा स्पष्ट पार्दै विप्लवले भनेका छन्, 'वार्ताका बारेमा स्पष्ट कुरा के भनिएको छ भने जनता र राज्य, विद्रोही र सत्ता पक्ष, एउटा राज्य र अर्को राज्य, सङ्घर्षशील शक्ति र दमन गरिराखेको शक्तिका बीचमा वार्ता हुने र भैराखेका छन् । यसको हामी निरपेक्ष विरोध वा निरपेक्ष समर्थन गर्दैनौं । वार्ता हुँदै हुँदैन भन्ने कुरा होइन र सजिलै भैहाल्छ भन्ने पनि होइन । प्रयोगले के साबित गरेको छ भने समस्याहरू आएपछि, सङ्घर्ष भएपछि, विद्रोह भएपछि वार्ता हुन्छन् । वार्ता पनि राजनीतिको एक भाग हो ।'

वास्तवमा नेकपाले गर्न खोजेको सङ्घर्षका बारेमा स्पष्ट पार्दै विप्लवले भनेका छन्, 'यो क्रान्ति प्रचण्डविरुद्धको लडाइँ होइन, अहिलेका मन्त्रीविरुद्धको लडाइँ पनि होइन, केपीविरुद्धको लडाइँ पनि होइन । यो त पुँजीवादी व्यवस्थाविरुद्धको लडाइँ हो । तर उहाँहरू अगाडि आउनुहुन्छ भने कुनै पनि मूल्य चुकाउन तयार छौं । यहाँ इन्काउन्टरका कुरा आएका छन् । हामीलाई गोली हान्ने कुरा आएका छन् । यस्तो हो भने हामी पुलिससँग किन लड्छौं, सेनासँग किन लड्छौं ? यो राज्यका दलालहरूका विरुद्ध लड्छौं नि । त्यस समयमा सोच्नुपर्ने हुन्छ ।'

लामो कुराकानीमा आधारित उक्त श्रव्यदृश्यसहितको अन्तर्वार्ताको पूर्ण अंश बुधबार रातो खबर अनलाइन टेलिभिजनमा हेर्न र सुन्न सकिनेछ ।

## वक्ताहरु भन्छन् ...

'प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्र आयो तर शासनसत्तामा बस्नेहरूको चरित्र बदलिएको छैन । कागजमा विभिन्न प्रकारका अधिकार लेखिए पनि व्यवहारमा जनताले अधिकार प्राप्त गर्ने अवस्था सृजना भएको छैन', केसीले भने ।

सांसदहरूको जबाफ दिने क्रममा प्रधानमन्त्रीले गरेको सम्बोधनप्रति सङ्केत गर्दै केसीले त्यसप्रकारका घटना कुनै व्यक्ति वा पार्टीविशेषको भन्दा पनि संसदीय व्यवस्थाको उपज भएको धारणा राखे । उनले व्यङ्ग्य गर्दै भने, 'अहिले संसद्मा सरकार र प्रतिपक्षको बीचमा चलिरहेको जुहारी कहिले सासूको त कहिले बुहारीको पालो भनेजस्तो मात्रै हो ।' नेपालमा संसदीय व्यवस्था रहेसम्म नेपाली जनताले वास्तविक रूपमा मुक्ति नपाउने केसीको भनाइ छ ।

नेपाल बार एसोसिएसनका महासचिव लीलामणि पौडेलले स्वतन्त्र, सक्षम र निर्भीक न्यायालयको अभावमा नेपालमा जनअधिकारको संरक्षण हुन नसकेको बताए । दुई तिहाइको बलमा सरकारले न्यायालयलाई नियन्त्रण र निर्देशन गर्न खोजेको आरोप लगाउँदै उनले भने, 'दोस्रो जनआन्दोलनपछि न्यायालयमा राजनीतिक घुसपैठ हुन सुरु भयो जसका कारण अदालत जनताको पहुँचभन्दा बाहिर पुग्ने खतरा देखापर्दैछ ।'

अदालतको घाँटीमा 'महाअभियोगको तरबार' झुन्ड्याएर सरकारले न्यायालयबाट आफूअनुकूल निर्णय गराउने प्रयास गरेको बताउँदै पौडेलले न्यायाधीश नियुक्तिको वर्तमान प्रक्रिया नै त्रुटिपूर्ण रहेको औंल्याए ।

त्यसैगरी जनअधिकार अभियान नेपालका अध्यक्ष वरिष्ठ अधिवक्ता एकराज भण्डारीले संसदीय प्रणाली 'खसीको टाउको राखेर कुकुरको मासु बेच्ने पसल' हो भन्ने कुरा पूर्ण रूपमा पुष्टि भएको धारणा राखे । संविधान, कानुन, विधिको शासन, नागरिक अधिकारजस्ता विषयहरू सत्ताधारीहरूले केवल भाषणबाजी, अन्तर्राष्ट्रिय समुदायलाई भ्रमित पार्ने औजारका रूपमा प्रयोग गरिरहेको उनको आरोप छ । दुई तिहाइको आडमा ओली नेतृत्वको नेकपाले सरकार, सदन र न्यायालयलाई आफूअनुकूल प्रयोग गरेको भन्दै उनले भने, 'आफ्नो सत्ता लम्ब्याउनका लागि उनीहरू जुनसुकै कुरा संशोधन गर्न तयार हुन्छन् तर जनताको हितमा सोच्ने, संविधान संशोधन गर्ने, कानुन बनाउने कुरामा सरकारमा बस्नेलाई कुनै सरोकार छैन ।' आफैंले बनाएको संविधानको मर्मविपरीत विप्लव नेतृत्वको नेकपालाई सरकारले प्रतिबन्ध लगाएको उनको भनाइ छ ।

कार्यक्रममा राजनीतिक विश्लेषक प्रा. डा. सुरेन्द्र केसीले नेपालको कम्युनिस्ट आन्दोलनको मूलधारमा देखा पर्ने प्रवृत्ति र नेतृत्व वस्तुतः कम्युनिस्ट नै नभएको ठोकुवा गरे । हजारौंको बलिदानीबाट आएको गणतान्त्रिक युगमा पनि सोचेर, डराएर बोल्नुपर्ने स्थिति हुनु विडम्बनापूर्ण भएको धारणा राख्दै उनले भने, "विप्लव नेकपामाथिको प्रतिबन्ध गलत छ भन्ने कुरा एउटा सामान्य नागरिकले पनि बुझेको छ तर यही कुरो बोल्दा म बोल्दाबोल्दै गिरफ्तार हुनसक्ने खतरा छ । हामीले कस्तो लोकतन्त्र ल्याएछौं ?"

जनयुद्धकालीन माओवादी आन्दोलनको निरन्तरताका रूपमा आजको विप्लव नेकपा रहेको केसीको बुझाइ छ । २१ औं शताब्दीको स्वतन्त्रता भनेको आर्थिक स्वतन्त्रता भएको भन्दै केसीले सबै क्षेत्रमा परनिर्भरता कायम राखेर समृद्धि सम्भव नरहेको बताए ।


कार्यक्रमका अर्का वक्ता नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष विपुल पोखेलले प्रेस स्वतन्त्रताको सीमा तोक्ने अधिकार कसैसँग नभएको धारणा राखे । पछिल्लो समय विभिन्न बहानामा प्रेस तथा प्रेससँग सम्बन्धित व्यक्तिहरूमाथि भइरहेको धरपकडको विरोध गर्दै उनले प्रेस तथा अभिव्यक्ति, राजनीतिक स्वतन्त्रता र जनअधिकार एकआपसमा सम्बन्धित भएको बताए । २०७६ साललाई प्रेसमैत्री कानुन निर्माणको लागि दबाब दिने वर्षका रूपमा महासङ्घले घोषणा गरेको पोखेलले जानकारी दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसीले जनताले पूर्ण रूपमा मुक्ति नपाएसम्म कुनै न कुनै रूपमा शासकहरूबाट अधिकार कटौती भैरहने बताए । जनअधिकारहरू सङ्कटमा पर्दै गएकाले नागरिक अगुवा र स्वतन्त्रताप्रेमीबाट दबाब आवश्यक भएको जैसीको धारणा थियो ।

## महिला नेत्री ...

पार्टी मर्माहत भएको भन्दै महासचिव विप्लवले शोकाकुल परिवारप्रति समवेदना व्यक्त गरेका छन् ।

विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ -


नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

मितिः– २०७६ वैशाख ३१ मंगलबार

श्रद्धाञ्जली तथा समवेदना

हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा महिला संघ क्रान्तिकारीकी अध्यक्षकी ममतामयी आमा तथा अर्का केन्द्रीय सदस्य मोहलाल चन्दकी सासुआमा ७३ वर्षीय मनकुमारी शाहको गत वैशाख २७ गते उपचारका क्रममा नेपालगञ्जमा भएको मृत्युको खबरले हामी सबैलाई दुःखी तुल्याएको छ । शहीद स्मृति गाउँपालिका घोडागाउँ, घोडाचोक स्थायीरुपमा बस्दै आउनु भएकी आमा मनकुमारी लामो समयदेखि खुट्टा भाँचिएर उपचार गराउँदै आउनु भएको थियो । यस दुःखद घडीमा आमाप्रति सिङ्गो पार्टीका तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गरिन्छ । साथै उहाँको सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना व्यक्त गरिन्छ ।

विप्लव
महासचिव

हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा महिला संघ क्रान्तिकारीकी अध्यक्षकी ममतामयी आमा तथा अर्का केन्द्रीय सदस्य मोहलाल चन्दकी सासुआमा ७३ वर्षीय मनकुमारी शाहको गत वैशाख २७ गते उपचारका क्रममा नेपालगञ्जमा भएको मृत्युको खबरले हामी सबैलाई दुःखी तुल्याएको छ । शहीद स्मृति गाउँपालिका घोडागाउँ, घोडाचोक स्थायीरुपमा बस्दै आउनु भएकी आमा मनकुमारी लामो समयदेखि खुट्टा भाँचिएर उपचार गराउँदै आउनु भएको थियो । यस दुःखद घडीमा आमाप्रति सिङ्गो पार्टीका तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गरिन्छ । साथै उहाँको सम्पूर्ण परिवारप्रति हार्दिक समवेदना व्यक्त गरिन्छ ।

## सरकारी कदमविरुद्ध ...

भई संसद्मा दर्ता भएको उक्त विधेयकमा मिडिया काउन्सिललाई अर्धन्यायिक निकाय बनाउने र पत्रकारलाई कडा कारबाहीको व्यवस्था प्रस्ताव गरिएको छ । वैशाख २७ गते अध्यक्ष गोविन्द आचार्यको अध्यक्षतामा बसेको महासङ्घको आकस्मिक बैठकले उक्त विधेयक फिर्ता लिई सरोकारवाला पक्षसँगको छलफल र सहमतिमा संविधानको भावना र प्रेस स्वतन्त्रताको अन्तर्राष्ट्रिय मूल्यमान्यताका आधारमा विधेयक पुनः मस्यौदा गर्न माग गरेको छ । केन्द्रीय समितिको बैठकअघि सञ्चारसम्बद्ध विभिन्न सङ्घ, सङ्गठन र संस्थाका प्रतिनिधिको सुझावका आधारमा महासङ्घले साताव्यापी विरोध कार्यक्रम घोषणा गरेको हो । महासङ्घले संसद्मा विचाराधीन विज्ञापनसम्बन्धी ऐन र सूचनाप्रविधिसम्बन्धी ऐनमा प्रेसविरोधी दफा सच्याउन माग गरेको छ । त्यस्तै मस्यौदाकै क्रममा रहेको आमसञ्चार ऐन र सार्वजनिक सेवा प्रसारण ऐनका सम्बन्धमा सरोकारवालासँग छलफल र सहमति गर्न माग गरेको छ ।

## नेकपामाथिको प्रतिबन्ध ...

भएर बसेका प्रचण्ड र बादलहरूको भ्रष्ट बुद्धिले मुलुकमा फेरि भीषण लडाइँ हुने चेतावनी दिए । सभाका वक्ताहरूले प्रतिबन्ध हटाउन सरकारसँग माग गरेका छन् ।

नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा, मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), गोपाल किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले उक्त विरोधसभाको आयोजना गरेका थिए । साथै कालापानीलगायत सीमा भारतले मिचेको भन्दै सरकारको धारणा सार्वजनिक गर्न माग गरेका छन् । एनसेल, सुन, वाइडबडी, निर्मला पन्त हत्याकाण्डका दोषीमाथि कारबाही गर्न सरकारसँग मागसमेत गरे ।

## नेकपाका नेता बम ...

सर्वोच्चमा बोलाइएको छ । नेपाल सरकार, गृह मन्त्रालयसमेतलाई विपक्षी बनाइएको रिटमा मङ्गलबार बिहान १० बजेका लागि पेसी तोकिएको थियो ।

बुधबार बाँकेको जानकी गाउँपालिका ६ गहनापुरबाट बमसँगै युवा नेता सत्यबहादुर शाहीलाई पनि प्रहरीले गिरफ्तार गरेको थियो । दुवैजनालाई इलाका प्रहरी कार्यालय कोहलपुरमा राखिएको प्रहरीले जनाएको छ ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष ४, अङ्क ४६, पूर्णाङ्क १९२
रातो खबर

## समाचार

# युवा सङ्गठनका केन्द्रीय सदस्य गिरफ्तार

**जनकपुर** : नेपाल कम्युनिस्ट पार्टीका ब्युरो सदस्य तथा युवा सङ्गठनका केन्द्रीय सदस्य राजन बस्नेतलाई प्रहरीले गिरफ्तार गरेको छ। उनलाई सङ्गठनको कामको सिलसिलामा रहेको अवस्थामा वैशाख २५ गते बिहान बर्दिबासबाट गिरफ्तार गरेको नेकपा जनकपुरले जनाएको छ। नेकपा जनकपुर ब्युरो इन्चार्ज अरुणले वैशाख २६ गते प्रेसविज्ञप्ति प्रकाशित गर्दै उक्त गिरफ्तारीको विरोध गरेका छन्। विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीका ब्युरो सदस्य तथा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य क. राजन बस्नेतलाई प्रहरीले गिरफ्तार गरेको छ। उहाँलाई सङ्गठनको कामको सिलसिलामा रहेको बेला २०७६ वैशाख २५ गते बिहान बर्दिबासबाट गिरफ्तार गरिएकोमा वर्तमान केपी-प्रचण्ड सरकारको यसप्रकारको गैरराजनीतिक र कायरतापूर्ण अमानवीय हर्कतको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ साथै तत्कालै ससम्मान रिहाइको जोडदार माग गर्दछ। शान्तिपूर्ण तरिकाले सञ्चालित राजनीतिक कार्यक्रममाथिसमेत राज्यद्वारा गरिएको हस्तक्षेप, गिरफ्तारी र जनदमनले राज्यको फासिवादी चरित्र उदाङ्गो हुँदै गएको छ। सरकारले यस्ता प्रकारका सबै हर्कत समयमै बन्द गरोस्। गिरफ्तार कमरेडलाई तत्काल रिहा गरोस्। अन्यथा त्यसविरुद्ध कडा सङ्घर्ष गर्ने चेतावनी दिन चाहन्छौँ।'

# कतारमा नेकपाको सङ्गठन विस्तार

**दोहा (कतार)** : नेपाल कम्युनिस्ट पार्टी निकट नेपाली जनप्रगतिशिल मोर्चा कतारको भेला सम्पन्न भएको छ। भेलाले केशरी बोहोराको अध्यक्षतामा ११ सदस्यीय अल समाल एकाइ गठन गरेको छ। मोर्चाका केन्द्रीय सदस्य तथा महिला विभाग प्रमुख जमुना श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भेलाको अध्यक्षता केशरी बोहोराले गरेकी थिइन्। मोर्चाको सचिवमा दिलकुमारी राई, कोषाध्यक्ष ललिता तामाङ, सदस्यहरू गीता ठकुरी, रेविका राई, मनकुमारी लिम्बु, देवी पिठाकोटेमागर, सुशीला तामाङ, तमन्ना राई, कल्पना राई र सुनिता कार्की निर्वाचित भएका छन्।

पछिल्लो समयमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका विदेशमा रहेका शाखाहरू धमाधम विस्तार भइरहेका छन्। रुस, कतार, मलेसिया, बेल्जियम, दुबई, साउदी अरबलगायत देशहरूमा नेकपाका विभिन्न जनवर्गीय सङ्गठन विस्तार भैरहेका छन्।

# अदालतले रिहा गरेलगत्तै नेकपाका नेताहरू पुनः पक्राउ

नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य एवम् जनवर्गीय सङ्गठनका इन्चार्ज मोहन कार्की 'जीवन्त' लाई प्रहरीले सोमबार फेरि गिरफ्तार गरेको छ। काठमाडौं जिल्ला अदालतले साधारण तारेखमा रिहा गर्न आदेश दिएलगत्तै जीवन्तलाई प्रहरीले पुनः अदालत परिसरबाटै गिरफ्तार गरेको हो। कार्की चैत १ गते ललितपुरबाट गिरफ्तारीमा परेका थिए। कार्की यसअघि चैत २४ गते सर्वोच्च अदालतको गेटबाटै पक्राउ परेका थिए। चैत २४ गते सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिटउपर बहस गर्दै रिहाइको आदेश दिएको थियो। तर सङ्खुवासभामा हातहतियार, खरखजाना तथा बमविस्फोट, आगजनी र सङ्गठित अपराधको मुद्दा दर्ता भएको भन्दै प्रहरीले पुनः पक्राउ गरी सङ्खुवासभा पुऱ्याएको थियो।

यस्तै अखिल नेपाल क्रन्तिकारी किसान महासङ्घका अध्यक्ष राजु कार्की र पूर्ण विकलाई अदालतले धरौटीमा छोड्न फैसला गरे पनि पुनः गिरफ्तार हुने भएपछि उनीहरूले धरौटी नतिरी जेलमै बस्ने निर्णय गरेका छन्। अदालतले कार्कीलाई २० हजार र विकलाई दस हजार धरौटीमा छोड्न आदेश दिएको थियो। तर अदालतले रिहाको आदेश दिएपछि प्रहरीले गिरफ्तार गर्ने योजना थाहा पाएपछि उनीहरूले धरौटी तिर्नुको सट्टा जेलमै जाने निर्णय गरेका हुन्।

# 'सरकारले ल्याएको विधेयकका विरुद्ध आन्दोलनमा जान्छौँ'



जनपत्रकार सङ्गठन नेपालका अध्यक्ष प्रकाश डुम्रेले संसद्मा दर्ता भएको मिडिया काउन्सिलसम्बन्धी विधेयक फिर्ता गराउन सबै पत्रकार आन्दोलनमा जानुको विकल्प नरहेको बताएका छन्।

काठमाडौंमा आयोजित एक कार्यक्रममा डुम्रेले विधेयक फिर्ता गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न सरकारलाई अनुरोध पनि गरे।

दिनप्रतिदिन पत्रकारहरूको धरपकड र गिरफ्तारीप्रति आक्रोश पोख्दै डुम्रेले सरकारले संविधान प्रदत्त अधिकार खोसेर पत्रकार तथा नागरिकमाथि घेराबन्दी गर्न खोज्नु दुःखद् भएको बताए।

मन्त्रिपरिषद्बाट पारित भएर संसद्मा वैशाख २६ गते दर्ता भएको मिडिया काउन्सिलसम्बन्धी विधेयकका प्रावधानप्रति देशभरका पत्रकारहरू आन्दोलनमा उत्रिनुपर्ने भन्दै उनले पत्रकारले ढुक्कसँग कलम चलाउन नपाउने यो कस्तो लोकतन्त्र हो भन्दै प्रश्न गरेका थिए। डुम्रेले पत्रकारहरू रेडियोको स्टुडियो, पत्रिकाको कार्यालय, रिपोर्टिङ स्थलबाट गिरफ्तारी गरी राजद्रोह र सङ्गठित अपराधको मुद्दा लगाउनुले लोकतान्त्रिक व्यवस्थाको भद्दा मजाक भएको जिकिर गरे।

उनले पत्रकारहरूले कसरी कलम चलाएका छन्, कसरी दैनिकी गुजारा चलाएका छन् त्यसप्रति सरकार गम्भीर नबनेर उल्टो विभिन्न ऐननियम बनाएर प्रेस जगत्को घाँटी निमोठ्न खोज्नुले पञ्चायतकालको स्मरण गराएको बताए।

उनले पत्रकारहरू न्यूनतम् पारिश्रामिकसमेत नपाएर पेसाबाटै हात धुनुपर्ने अवस्थामा रहेको र सरकारले उल्टै प्रेसविरोधी विधेयक ल्याएर समग्र पत्रकारितालाई कमजोर बनाउन लागेको पनि बताए। उनले नेपाल पत्रकार महासङ्घलगायत सबै पत्रकार सङ्घसङ्गठनहरूसँगै जनपत्रकार सङ्गठन पनि आन्दोलनमा जाने बताए।











## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं